जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक १५६ • २०७९ साल कार्तिक १५ गते मंगलबार (1 November, Tuesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## राजसंस्थाको बहाली र प्रदेश खारेजी राप्रपाको प्रमुख एजेण्डा

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमाले र जनता समाजवादी पार्टी( जसपा)सित चुनावी गठबन्धनमा रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सोमवार जारी गरेको घोषणा पत्रमा राजसंस्थाको बहाली र प्रदेश संरचना खारेजीलाई प्रमुख एजेण्डा बनाएको छ ।

एमालेको चुनावी सहयोगी रहेका प्रमुख दुई दल जसपा र राप्रपाले

> **'सिद्धान्त र निष्ठाबिनाको राजनीति गर्ने दलका नेताहरुले देश र मधेशको विकास गर्न सक्दैनन्'**

ल्याएको घोषणा पत्रमा मूलभूत विषय नै फरक देखिएको छ । जसपाले प्रत्यक्ष राष्ट्रपति, प्रदेश सहितको संघीयता र पूर्ण समानुपातिक चुनाव प्रणालीको पक्षमा रहेको घोषणा पत्र सार्वजनिक गरेको छ ।

तर राप्रपाले राष्ट्रपतिको सट्टा देशको अभिभावकका रूपमा राजसंस्था, जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, पूर्ण समानुपातिक संसद् र हिन्दु राष्ट्रलाई प्रमुख एजेण्डा बनाएका छन् ।

हालको निर्वाचनमा व्यापक विकृत्ति र बेथिती देखिएको जनाउँदै कतिपय दलहरुले पूर्ण समानुपातिक प्रणालीलाई लागु गर्नुपर्ने धारणा सार्वजनिक गरेका छन् ।हाल कायम रहेको समानुपातिक प्रणाली नेताहरुका लागि चुनावमा सिट बेच्ने रहेकाले त्यसलाई पूर्ण रुपमा खारेजीको माग पनि जोडदार रुपमा उठिरहेको छ ।

एमालेको घोषणा पत्र सार्वजनिक भइसकेको छैन् ।तर जसपा र राप्रपाबीचको मूलभूत भिन्नता संघीयता, राजतन्त्र र धर्मनिरपेक्षतामा रहेको छ ।

चुनावी गठबन्धनमा एकसाथ रहेको जसपा र राप्रपाले एकअर्कालाई मतदान गर्न नैतिक समस्या देखिने प्राध्यापक परमेश्वर कापडी बताउँछन् ।'सिद्धान्त र निष्ठाबिनाको राजनीति गर्ने दलका नेताहरुले देश र मधेशको विकास गर्न सक्दैनन्' उनले भने, राप्रपाको घोषणा पत्रलाई कार्यान्वयन गर्न अथवा जसपाको घोषणा पत्रलाई कार्यान्वयन गर्न एक अर्कालाई मतदान गर्न सकिदैन् ।

### डा.देउवाको छठ नीति

# शरणागत निधि, हौसिएका यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवासितको चिसिएको सम्बन्धलाई सुधार्न नेता विमलेन्द्र निधि डा.आरजु देउवाको शरणागत भएका छन् ।

प्रदेश र प्रतिनिधि सभाको चुनाव प्रचारले तीव्रता लिन लागेको बेला छठको मौका छोपी निधिले देउवाको लाइनमा नै रहेको विश्वास दिलाउन डा.देउवाको शरण परेका हुन् ।

स्थानीय निर्वाचनमा तत्कालीन सत्तागठबन्धनका उम्मेदवारलाई जनकपुरधाम उपमहानगरपालिकामा पराजित गराएको चौतर्फी आलोचना खेप्दै आएका निधिले प्रदेश र प्रतिनिधिसभाको चुनावमा पूर्ण निष्ठाका साथ गठबन्धनमा लागेको प्रतिबद्धता पनि देउवा समक्ष जाहेर गरेको स्रोतले बताए ।

कांग्रेस केन्द्रीय समिति सदस्य समेत रहेकी डा.देउवा प्रधानमन्त्री देउवाका राजनीतिक उत्तराधिकारीको रुपमा अगाडि आएकी छन् ।कांग्रेस राजनीतिमा आरजुको निर्णायक भूमिका रहने गरेको छ ।

श्रीमती देउवालाई स्वागतका लागि नेता निधि दलबल सहित जनकपुरधाम विमानस्थल पुगेका थिए ।कयौं पटक जनकपुरधाम आएकी देउवा पत्नी आरजुलाई 'भाउ' नदिएका नेता निधिले यस पटक भने सपरिवार नै स्वागत सत्कारमा जुटेका थिए ।

विमानस्थलबाट स्वागत सहित निधिले देउवालाई होटेल सम्म पुऱ्याएका थिए ।जनकपुरधामको गंगासागरस्थित छठ पूजामा साँझ सहभागी भएकी देउवा सोमवार बिहान धनुषा र महोत्तरीका विभिन्न




स्थानहरुमा भेटघाट र दर्शन पूजा गरिन् ।

निधिको पैतृक गाउँ नगराइन पुगेर बिहान देउवाले छठ पूजा गरिन् ।सम्पूर्ण निधि परिवारले त्यहाँ देउवाको सम्मान र स्वागत गरे ।उनी जटही पुगेर सीमा क्षेत्रको समेत निरीक्षण गरेकी थिइन् ।

कांग्रेसको धनुषा र केन्द्रीय राजनीतिमा देउवाको भ्रमणलाई अर्थपूर्ण मानिएको छ ।निधिले निर्वाचन क्षेत्र नम्बर ३ को 'क'मा कांग्रेसबाट प्रदेशसभा सदस्यका उम्मेदवार रामसरोज यादव र निर्वाचन क्षेत्र नम्बर ४ को प्रतिनिधि सभासदस्यका उम्मेदवार महेन्द्र यादवलाई घात गर्ने आशंका गरिएको छ । स्रोतका अनुसार नेतृ देउवाले निधिलाई त्यस्ता गतिविधि नगर्न धम्कीपूर्ण सुझाव दिएकी छिन् ।नेता निधिले त्यस्ता कुनै कृयाकलाप नगर्ने र विगतमा भएका कमीकमजोरीहरु नदोहोरिने प्रतिबद्धता जनाएको स्रोतहरुले बताएका छन् ।

कांग्रेस विभाजन पूर्वदेखि नै देउवाका सहयोगी रहेका निधि उपप्रधान एवं गृहमन्त्री भएको बेला सम्बन्ध चिसिएको थियो ।कांग्रेसको १४ औं महाधिवेशनमा झन छताछुल्ल भएको थियो ।

हुनत नेतृ देउवाको भ्रमण छठ पर्व केन्द्रित मात्र रहेको धनुषा कांग्रेसका सभापति योगेन्द्र पजियारले बताए ।'कांग्रेसकी केन्द्रीय सदस्य समेत रहेकी डा.देउवाको जनकपुरधाम आगमन छठ पर्वका लागि मात्र रहेको थियो' उनले भने, निधिजीले विमानस्थलमा स्वागत गर्न किन जानु भयो ?त्यो उहाँको विषय हो ।

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) छाडेर भदौमा कांग्रेस प्रवेश गरेकी नेतृ चन्दा चौधरी डा.देउवाकी 'पथ प्रदर्शक' थिइन् । कांग्रेस नेता निधि देउवा खेमामा सकृय भूमिका पूनःप्राप्त गर्न प्रधानमन्त्री पत्नीको सहयोग चाहेका छन् । देउवा भन्दा अलग्गिएर कांग्रेसमा समूह सञ्चालन गर्न असफल भएका निधिले आरजु शरणमा परेको कांग्रेसका नेताहरुको बुझाइ छ ।

स्वागतका लागि विमानस्थल पुगेका निधिले विदाइका लागि आरजुलाई विमानस्थलमा झण्डै २० मिनेट कुरेका थिए ।विदाइको प्रतीक्षामा निधि विमानस्थलमा रहेका बेला देउवा लक्ष्मीनियाँ बजार स्थित कांग्रेसका उम्मेदवार महेन्द्र यादवको प्रचार कार्यालयमा भाषण गरिरहेकी थिइन् ।

देउवाको भ्रमणबाट भने कांग्रेसका सह महामन्त्री महेन्द्र यादव हौस्सिएका छन् ।धनुषाको क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार यादवको क्षेत्रमा पुगेर डा.देउवाले उनको पक्षमा प्रचारप्रसार गरेकी थिइन् ।सिरहाका कांग्रेस सभापति रामचन्द्र यादव, सप्तरीका सभापति रामदेव साह लगायत केन्द्रीय सदस्य आनन्दप्रसाद ढुंगाना समेतको सहभागितामा भएको कार्यक्रममा डा.आरजुले गठबन्धनका उम्मेदवारहरुको पक्षमा सकृयता साथ लाग्न आग्रह गरिन् ।

बिहानै महोत्तरी पुगेकी डा.देउवाले मटिहानी स्थानमा पूजा गरेकी थिइन् ।त्यहाँ उनलाई महोत्तरी कांग्रेसका सभापति नागेश्वर यादव, केन्द्रीय सदस्य महेन्द्र राय यादव, मटिहानीका मेयर हरिप्रसाद मण्डल लगायतका नेताहरुले स्वागत गरेका थिए ।

धनुषा र महोत्तरीको भ्रमणलाई धार्मिक, सांस्कृतिक भनिए पनि भित्री उदेश्य राजनीति रहेको बताइएको छ ।हुनत धनुषा कांग्रेसका सभापति पजियारले देउवाको भ्रमणबाट चुनावमा कुनै असर नपर्ने बताए ।






# आयोगका अध्यक्षद्वारा प्रहरी र पीडित भेटघाट

**टुडे समाचारदाता**

जनकपुरधाम । मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले महोत्तरीको भंगहा नगरपालिका ८ परिया घटनाको सन्दर्भमा प्रमुख जिल्ला अधिकारी दीपक कुमार पहाडीसँग भेटघाट गरेका छन् । सोमबार उनले गृह मन्त्रालयबाट गठन भएको छानबिन समितिको संयोजक शिवराम पोखरेल र पहाडीसँग भेटघाट गरेका छन् ।

सुरक्षा निकाय र छानबिन समितिको संयोजकसँग भेटघाट गरी वस्तुस्थिति बारे जानकारी लिएको अध्यक्ष अन्सारीले जानकारी दिए। उनीसहितको टोली मंगलबार घटनास्थल महोत्तरीको भंगहा नगरपालिका ८ पुग्दै छन् । सोही घटनामा परी अंगभंग तथा घाइते भएका इमत्याज राइन र मन्नु कवाडीसँग पनि उनले भेटघाट गरेका छन् । राइनको दैविक इन्टरनेशनल होस्पिटल र कवाडीको काव्या अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ।



सुरक्षा निकायसँग भेटघाटको क्रममा उनले घाइतेको उपचारको लागि आर्थिक सहयोग सरकारबाट दिइनु पर्ने माग गरेका थिए। उनको मागमा समर्थन जनाउँदै प्रमुख जिल्ला अधिकारी पहाडीले प्रक्रिया अनुसार घाइतेलाई राहत दिने आश्वासन दिएका थिए।

गएको विहीबार परियामा हिन्दू सम्राट सेनाले छठ पर्वको अवसरमा निकालेको शोभा यात्राको क्रममा दुई समुदायबीच भीडन्त भएको थियो। प्रहरीले दुबै पक्षको असमझदारीको कारण घटना भएको बताएका छन् । यद्यपि घटनास्थल पुगेका प्रहरी नायव उपरीक्षक चन्देश्वर यादवलाई प्रहरीले कारवाही गरेको अध्यक्ष अन्सारीले बताए।

# जुवाखालबाट ५ जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। प्रहरीले वीरगञ्ज महानगरपालिकाबाट ५ जना जुवाडेलाई पक्राउ गरेको छ।

वीरगञ्ज महानगरपालिका-९ गहवा स्थित रमेश खड्गीको खाजा नास्ता र मदिरा समेत खानपिन गर्ने होटलमा जुवातास खेलिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय पर्सा र वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको टोलीले ५ जनालाई पक्राउ गरेको जनाएको छ।

पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका- ८का ४० वर्षीय अशोक कुमार कानु, वीरगञ्ज महानगरपालिका-८ कै ३३ वर्षीय दिपलाल चौरसिया, वीरगञ्ज महानगलपालिका ७ का २५ वर्षीय अर्जुन तुरहा, वीरगञ्ज महानगरपालिका-१६ का ५० वर्षीय सानु शाही र वीरगञ्ज महानगरपालिका-५ का ४८ रमेश खड्गी रहेका छन् ।उनीहरुको साथबाट प्रहरीले ९३ हजार १५० नगद बरामद गरेको छ।

# जसपामा सयौंको प्रवेश

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको छिन्नमस्ता र अग्नीसाइर कृष्णासवरण गाउँपालिकामा सोमबार विभिन्न पार्टी परित्याग गरी सयौं नेता तथा कार्यकर्ता जनता समाजवादी पार्टी (जसपा)मा प्रवेश गरेका छन् ।

छिन्नमस्ता गाउँपालिका वडा नम्बर ४ का स्वतन्त्र उम्मेदवार प्रमोद कुमार यादवको नेतृत्वमा युवाहरु जसपा प्रवेश गरेका छन् । घरदैलो अभियानमा रहेका जनता समाजवादी पार्टीका अध्यक्ष समेत रहेका सप्तरीको निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधी सभा सदस्यका उम्मेदवार उपेन्द्र यादवले नवप्रवेशीहरुलाई टिका लगाएर स्वागत गरेका छन् ।

पार्टीका केन्द्रीय सदस्यम एवम् मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, केन्द्रीय सदस्य अशोक यादव, मधेश प्रदेशका मुख्यसचिव दिनेश कुमार यादव, जिल्ला अध्यक्ष केदार प्रसाद यादव लगायतले फूल माला अबीर लगाएर पार्टी प्रवेश गराएको विद्यार्थी नेता श्यामकुमार यादवले जानकारी दिए।

यसैगरी छिन्नमस्ता गाउँपालिका वडा नम्बर १ मा नेपाली कांग्रेसको तर्फबाट वडा अध्यक्ष पदको उम्मेदवार रामलखन यादवको नेतृत्वमा समेत दर्जनौं नेता तथा कार्यकर्ता पार्टी प्रवेश गरेका छन् । उनीहरुलाई पार्टी अध्यक्ष यादवले टिका लगाएर स्वागत गरेका छन् ।



यसैगरी सप्तरी क्षेत्र नम्बर १ को अग्निसाइर कृष्णासवरण गाउँपालिका वडा नंम्बर ३ स्थित हरिहरपुरमा नेपाली, कांग्रेस, माओवादी परित्याग गरी सयौं नेता तथा कार्यकर्ताहरु जसपा नेपालमा प्रवेश गरेका छन् । जसपा प्रवेश गर्नेहरूमा नेपाली कांग्रेसका भोगेन्द्र चौधरी, अन्जना कुमारी चौधरी लगायत छन् । नव प्रवेशीहरुलाई जसपाका केन्द्रीय कार्यकारिणी सदस्य एवम् सप्तरी क्षेत्र नम्ब १ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार तथा मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले फूलमाला, अबीर तथा खादा ओढाएर स्वागत गरेका छन् ।

# आन्तरिक खपत र निर्यात प्रवर्द्धनका लागि पूर्वाधार विस्तार गर्दै प्राधिकरण

काठमाण्डु ।। नेपाल विद्युत् प्राधिकरणले उत्पादित विद्युत् आन्तरिक रुपमै खपत गर्नका लागि प्रसारण तथा वितरण प्रणालीलाई थप विस्तार र सुदृढ गर्ने भएको छ। साथै, आन्तरिक खपत गरी बढी भएको विद्युत् भारत र बङ्गलादेश निर्यातका लागि समेत पूर्वाधार विस्तारमा प्राधिकरण जुटेको हो।




विद्युत् खपत वृद्धिको सम्भावना रहेका प्रदेश नं १ अन्तर्गतका सुनसरी, मोरङ र झापा जिल्लालाई लक्षित गरी प्राधिकरणले उच्च क्षमताका विद्युत् प्रसारण तथा वितरण लाइनका पूर्वाधार संरचना बनाउने तयारी सुरु गरेको छ । साथै, भारत र बङ्गलादेशमा विद्युत् निर्यातका लागि थप प्रसारण लाइन पूर्वाधारको निर्माण गरिने प्राधिकरणको भनाइ छ।

प्राधिकरणले मुलुकमा उत्पादित विद्युत् आन्तरिक रुपमै खपत बढाउन अल्पकालीन र दीर्घकालीन योजनासहित प्रसारण तथा वितरण प्रणालीको सुदृढिकरण तथा पूर्वाधार बिस्तारलाई अभियानकै रुपमा सञ्चालन गरिरहेको छ । सञ्चालनमा रहेका पूर्वाधारको स्तरोन्नती गर्ने प्राधिकरणको कार्यक्रम छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवाल, प्रसारण निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ सम्मिलित उच्चस्तरीय टोलीले शनिबार र आइतबार विद्युत् खपत बढाउन तथा निर्यातका लागि सुनसरी, मोरङ र झापामा आवश्यक पर्ने पूर्वाधारका विषयमा स्थलगत अवलोकन भ्रमण गरी जानकारी लिएको प्राधिकरणले जनाएको छ।

टोलीले भारतको पश्चिम बङ्गाल राज्यबीच अन्तरदेशीय विद्युत् प्रसारण लाइन निर्माणको सम्भावना, बङ्गलादेशतर्फ विद्युत् निर्यातका सबैभन्दा छोटो रुट, प्रसारण लाइन तथा सबस्टेसन निर्माणका लागि उपयुक्त स्थानलगायतको पहिचान गर्न स्थलगत अध्ययन गरेको छ।

टोलीले सुनसरी, मोरङ र झापामा निर्माणाधीन र हाल सञ्चालनमा रहेका विद्युत् प्रसारण तथा वितरणतर्फका पूर्वाधार संरचनाका विषयमा पनि स्थलगत अध्ययन गरी जानकारी लिएको थियो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् आपूर्तिलाई भरपर्दो तथा विश्वसनीय बनाउन र बस्ती बिस्तार तथा औद्योगिक करिडोर स्थापनाको सम्भावना भएका ठाउँलाई लक्षित गरी प्रसारण तथा वितरण पूर्वाधार बिस्तार गर्न लागिएको बताउनुभयो । "दीर्घकालीन रुपमा भारत र बङ्गलादेशतर्फ विद्युत् निर्यातका लागि भारतको सिलिगुढी, पूर्णिया र किसनगञ्ज विन्दु नजिकपर्ने देखिएको छ, त्यसैले चार सय केभीको इनरुवा सवस्टेसनबाट हुलाकी राजमार्गको आसपास हुँदै सोही क्षमताको प्रसारण लाइन निर्माण गरी झापाको अनारमनी क्षेत्रमा सवस्टेसन बनाएर प्रसारण सञ्जाल बिस्तार गर्नुपर्ने देखिएको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

घिसिङले यो लाइन अत्यावश्यक भएको र यसबाट उक्त क्षेत्रको विद्युत् आपूर्ति भरपर्दो र विश्वसनीय भई खपत बढ्ने र भारत र बङ्गलादेशमा विद्युत् निर्यातका लागि थप प्रसारण सञ्जाल तयार हुने बताउनुभयो । घिसिङ नेतृत्वको टोलीले पावर ग्रीड भारतको पश्चिम बङ्गलाको सिलिगुढीस्थित ४००/२२० केभी विनागुढी सबस्टेसनको भ्रमण गरी विद्युत् आयात निर्यातको जानकारी लिएको थियो । सवस्टेसनमा भुटानको ताला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् जोडिएको छ।

प्राधिकरणको खपत बढाउने अल्पकालीन योजनाअन्तर्गत विद्युत् माग गरेका उद्योगलाई प्रसारण तथा वितरण लाइनको सुदृढीकरण तथा क्षमता बिस्तार गरी तत्काल विद्युत् दिने र निर्माणाधीन आयोजनाको काम जतिसक्दो छिट्टो सम्पन्न गर्ने छ।

दीर्घकालीन योजनाअन्तर्गत विद्युत् खपत बढ्नसक्ने सम्भावित ठाउँको पहिचान गर्ने र आन्तरिक रुपमा खपत गरी बढी भएको विद्युत् निर्यातका लागि ठूला क्षमताका लाइन तथा सबस्टेसन निर्माण गरिने छ।

प्राधिकरणको उच्चस्तरीय टोलीले झापाको ग्वालडुब्बा, मोरङको केरौन, सुनसरीको इनरुवा तथा कुशहामा निर्माणाधीन सबस्टेसनको निर्माण प्रगतिका विषयमा आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग छलफल गरेको थियो । टोलीले सवस्टेसन भरपर्दो र विश्वसनीय विद्युत् आपूर्तिका लागि महत्वपूर्ण भएकोले जतिसक्दो छिट्टो सम्पन्न गर्न आग्रह गरेको थियो ।रासस

# एक सय ६१ ले चढे मनास्लु

काठमाण्डु । यस वर्षको शरद ऋतु( असोज, कात्तिक) मा एकसय सय ६१ आरोहीले मनास्लु हिमाल (८,१६३ मिटर) आरोहण गरेका छन् ।



पर्यटन विभागका अनुसार ७७ विदेशी र ८४ नेपाली आरोही मनास्लुको चुचुरोमा पुगेका हुन् । विभागको पर्वतारोहण शाखाका अधिकृत विज्ञान कोइरालाले यो मौसमको मनास्लु आरोहणका लागि चार सय ४ विदेशीले अनुमति लिएकामा ७७ ले आरोहण गरेको जानकारी दिनुभयो ।

विदेशी आरोहीका साथमा नेपाली शेर्पा सहयोगी पनि मनास्लुको चुचुरोमा पुगेका छन् । उहाँले यो मौसमको मनास्लु आरोहण सकिएको तथा अन्य हिमाल तथा चुलीको आरोहण जारी रहेको बताउनुभयो। अघिल्लो वर्षभन्दा केही कम सङ्ख्यामा आरोही मनास्लुको चुचुरोमा पुगेको जनाइएको छ । यो पटक मनास्लु आरोहण सुरु हुनैलाग्दा मनास्लु आधारशिविर माथितिर हिमपहिरोको घटना भएको थियो।

मनास्लु हिमालमा गत असोज १० गते हिमपहिरो खस्दा एक जनाको मृत्यु भएको थियो भने केही आरोही घाइते भएका थिए । उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकास्थित मनास्लु हिमाल विश्वको आठौं अग्लो हिमाल हो। मनास्लु मानसिरी पर्वतशृङ्खलामा पर्दछ। यो मौसमका लागि मनास्लु आरोहण आकर्षक मानिन्छ।

वसन्त ऋतुमा हिउँ बढी जम्मा हुने भएकाले शरद ऋतुका लागि मनास्लु आरोहण उपयुक्त मानिन्छ । वसन्त ऋतुमा बढी सगरमाथा लगायत हिमालको आरोहण हुने गरेको छ। पर्वतारोहण शाखाको विवरणमा यो मौसममा मनास्लु आरोहणका लागि मात्रै ३८ आरोही समूहका ७९ महिला र तीन सय ७ पुरुष गरी कूल चार सय ४ ले आरोहण अनुमति लिएका थिएका थिए । शरद ऋतुको आरोहणका लागि सगरमाथा (८, ८४८. ८६ मिटर), मनास्लु लगायत हिमाल तथा चुली आरोहणका लागि एक सय ४६ आरोही समूहका एक हजार दुई सय ३८ आरोहीले आरोहण अनुमति लिएका छन् । शरद ऋतु मनास्लु आरोहणका लागि उपयुक्त मौसम मानिने भएकाले सर्वाधिक आरोहीको रोजाइँमा पर्छ।

शरद ऋतु मनास्लु आरोहणका लागि उपयुक्त मौसम भएकाले पनि प्रत्येक वर्ष यो मौसममा आरोहण गर्न उल्लेख्य सङ्ख्यामा आरोही आउने गरेको नेपाल पर्वतारोहण सङ्घले जनाएको छ। सन् १९५६ मे ९ तारिखमा जापानी नागरिक तोसियो इमनिसी र नेपाली ग्याल्जेन नोर्बु शेर्पाले मनास्लुको सफल आरोहण गर्नुभएको थियो ।रासस

# 'निर्वाचनपछि कांग्रेस नेतृत्वमा सरकार बन्छ'

काठमाण्डु। नेपाली कांग्रेसका नेता एवं पूर्व उपप्रधानमन्त्री प्रकाशमान सिंहले आगामी निर्वाचनपछि कांग्रेसकै नेतृत्वमा सरकार बन्ने बताउनुभएको छ।

लोकतान्त्रिक-वाम गठबन्धनका तर्फबाट काठमाडौँ क्षेत्र नं १ को प्रतिनिधिसभा उम्मेदवारसमेत रहनुभएका उहाँले आज भीमसेनगोलामा आयोजित 'चुनावी कार्यक्रम'मा राजनीति स्थायित्वका लागि आगामी निर्वाचनपछि पनि कांग्रेसकै नेतृत्वमा सरकार बन्ने बताउनुभएको हो।

"संविधानको रक्षा, राजनीतिको स्थायित्व र विकास निर्माणलाई अगाडि बढाउन आगामी मङ्सिर ४ गतेको निर्वाचनपछि कांग्रेसको नेतृत्वमा सरकार बन्छ,"- नेता सिंहले भन्नुभयो।

आवधिक निर्वाचनले मुलुकलाई राजनीतिक स्थायित्व प्रदान गर्ने भएकाले यसतर्फ गम्भीरताका साथ सोच्न उहाँले मतदातालाई आग्रह गर्नुभयो।

पूर्व उपप्रधानमन्त्री सिंहले अवसर पाउँदा कुन राजनीतिक दलले के काम गरिरहेको छ, कुन नेता के गर्दैछन् यी सबैको लेखाजोखा गरेर निर्वाचनमा मतदाताले सही विवेक प्रयोग गर्नुपर्ने सुझाव दिनुभयो। राजनीतिक अस्थिरताका कारण मुलुकमा सुशासन कायम हुन नसकेको उहाँको भनाइ थियो।

मुलुकको शासन पद्दति सुधार गर्दै युवालाई शिक्षा र रोजगारीको सुनिश्चितताका लागि कांग्रेस सदैव लाग्नेमा नेता सिंहले जोड दिनुभयो ।रासस

# समन्वय परिचालन उपसमितिमा सदस्य मनोनयन

काठमाण्डु । नेपाली कांग्रेसले आसन्न मङ्सिरमा हुने निर्वाचनलाई लक्षित गर्दै नेपाली जनसम्पर्क समिति भारत समन्वय परिचालन उपसमितिमा सदस्य मनोनयन गरेको छ।

कांग्रेसले मङ्सिर ४ गने हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि गठित उक्त समितिमा भारतका विभिन्न सात क्षेत्रलाई समेटेर तीन सय ६० सदस्य मनोनित गरेको हो । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन-२०७९, केन्द्रीय परिचालन समिति का संयोजक गोपालमान श्रेष्ठले नेपाली कांग्रेसका पूर्वआमन्त्रित केन्द्रीय सदस्य एवं केन्द्रीय परिचालन समितिका सदस्य बालकृष्ण पाण्डेको संयोजकत्वमा गठन गर्नुभएको नेपाली कांग्रेस प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन नेपाली जनसम्पर्क समिति भारत समन्वय परिचालन उपसमितिमा तीन सय ६० सदस्यहरु मनोनयन गर्नुभएको मुख्य सचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

कांग्रेसले जारी गरेको विज्ञप्तिमा उत्तर भारत, पश्चिम उत्तर भारत, पश्चिम भारत, दक्षिण पश्चिम भारत, दक्षिण भारत, पूर्वोत्तर क्षेत्र र मध्य भारत क्षेत्र समेटिएर सदस्य मनोनित गरेको जनाइएको छ ।रासस


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : धन बृद्धि सञ्चय। |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रसूति सेवा हुनु त यस्तो पो

चितवन । आफू अन्यत्र अस्पतालमा कार्यरत रहेका यहाँका चिकित्सकले आफ्नो श्रीमती र आफन्तका लागि प्रसूति सेवाका लिन भरतपुर अस्पताल रोज्ने गर्दछन् । सर्वसाधारणको पहिलो रोजाइ त छँदैछ धनाढ्य पनि यहीको प्रसूति सेवा लिन रुचाउँछन् ।

बिरामीको उच्च चाप भएकाले शय्या अभाव हुँदा भुईंमै बसेर भए पनि यही अस्पतालको प्रसूति सेवा लिने धेरैको चाहना हुन्छ। प्रसूतिगृहपछि सबैभन्दा धेरैले प्रसूति सेवा लिने अस्पतालको रुपमा भरतपुर अस्पताल परिचित छ । प्रसूति सेवा मात्रै होइन, नवजात शिशुका लागि आवश्यक पर्ने सम्पूर्ण




उपचार सेवा रहेका कारण धेरैको रोजाइ यो अस्पताल पर्ने गर्दछ।

अस्पतालको तथ्याङ्कलाई हेर्दा गत आर्थिक वर्षमा यहाँ ११ हजार नौ सय ६१ ले प्रसूति सेवा लिएका छन् । तीमध्ये सामान्य प्रसूति गराउने सात हजार चार सय ५८, शल्यक्रिया गरेर प्रसूति गराउने चार हजार एक सय ६८ र जटिल अवस्थामा शल्यक्रिया गराएका तीन सय ३५ रहेका छन् ।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट प्रा डा कृष्णप्रसाद पौडेलका अनुसार प्रसूति विभागमा १३ विशेषज्ञ चिकित्सक कार्यरत छन् । सोही विभागमा विशेषज्ञ चिकित्सक अध्ययनका लागि नियमितरुपमा दुई तीन जना हुने गर्दछन् । उहाँको भनाइमा प्रसूतिमा तालिम प्राप्त नर्सिङ सेवा यहाँ छ । उहाँले भन्नुभयो, “२०-२५ वर्षदेखि निरन्तर यही काम गर्ने तालिम प्राप्त, दक्ष नर्सिङ सेवा भएकाले राम्रो सेवा दिन सकिएको हो ।” विभागमा ६२ जना तालिम प्राप्त नर्स कार्यरत छन् ।

निजी र अन्य सरकारी अस्पतालसँगै सम्पन्न परिवारसम्मको पहिलो रोजाइ भरतपुर अस्पताल हुने गरेको उहाँले बताउनुभयो । निजी अस्पतालको प्राथमिकता शल्यक्रिया हुने भए पनि भरतपुर अस्पतालमा सकेसम्म सामान्य ढङ्गबाट प्रसूति गराउने प्रयास गरिन्छ । उहाँले भन्नुभयो, “यस्ता अनुभवी चिकित्सक र नर्स अन्यत्र सम्भव छैन ।” निजीमा खर्च धेरै हुन्छ भने यहाँ प्रसूति गराएर घर फर्किंदै गर्दा रु एक हजार समेत दिईन्छ ।

अस्पतालको यो विभागमा एक सय ४७ शय्या छन् । यसका अतिरिक्त क्याबिन रहेका छन् । प्रसूतिका लागि आएकालाई चार शय्याको भर्ना, १५ शय्याको वेटिङ (पर्खाइ), नौ शय्याको एक्टिभ (सक्रिय) र तीन शय्याको लेवर रुम रहेका छन् । यस्तै प्रसूति वार्ड ३६ शय्याको, २६ शय्याको पोष्टनल र २३ शय्याको पोष्टअप रहेका छन् । अस्पतालमा क्रमशः सेवालाई सुधार गरिँदै लगिएको छ । अस्पतालका सात वटा शल्यक्रिया कक्षमा धेरै प्रसूतिका बिरामीको शल्यक्रिया गर्ने गरिन्छ । शल्यक्रिया कक्षलाई व्यवस्थित बनाएर दुई वटा मोडुलर र तीन वटा सेमिमोडुलर कक्ष निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।

विभागका वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा रामप्रसाद सापकोटाका अनुसार राजधानी बाहिर प्रसूतिमा भरतपुर अस्पताल पहिरो रोजाइ हो । २४ घण्टा विशेषज्ञ चिकित्सक तथा दक्ष प्रसूतिकर्मीबाट सेवा दिइने भएकाले रोजाइमा परेको उहाँ बताउनुहुन्छ । भौगोलिक हिसाबले नेपालको मध्यभागमा पर्ने भएकाले चितवनसहित ११ जिल्लाका बर्थिङ सेन्टर, सरकारी तथा निजी अस्पतालबाट प्रसूतिका लागि स्वेच्छिक वा रिफर भएर यहाँ आउने गरेको उहाँले जानकारी दिनुभयो ।

डा सापकोटाले सीमित जनशक्तिमा बिरामीको अत्यधिक चापका कारण अझै सोचेजस्तो सेवा दिन नसकिएको स्वीकार्नुभयो । उहाँले भन्नुभयो, “हामीले यो विभागलाई थप सदृढ बनाउनुपर्छ ।” कोभिड हुन वा अन्य रोगका गर्भवतीको प्रसूति यहाँ गर्ने गरिन्छ ।

अस्पतालमा नवजात शिशुका लागि विशेष व्यवस्था भएकाले थप रोजाइ हुने गरेको हो । अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा योगराज शर्माका अनुसार जटिल प्रकृतिको बिरामी भएका २८ दिनभन्दा कम उमेरका नवजात शिशुका लागि भेन्टिलेटरलगायत अन्य जीवनोपयोगी उपकरणसहित नवशिशु सघन उपचारा कक्ष अस्पतालमा रहेको छ । बाल सघन उपचार कक्ष लेबल तीनमा (एनआइसियु) मा १२ शय्या र चार वटा भेन्टिलेटर चालु अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो ।

मध्यम प्रकृतिको जटिलता भएका शिशुका लागि अक्सिनलगायत अन्य औषद्योपचार, फोटोथेरापी तथा अन्य सुविधासहितका उपचार कक्ष (एस एन सि यु) (लेवल टु) समेत सुरु गरिँदै छ । सामान्य समस्या भएका तथा लेवल टु र लेवल थ्रीपश्चात् बाँकी उपचार पूरा गर्न अस्पताल बस्नुपर्ने शिशुलाई आमासँगै राखेर उपचार गर्ने नवशिशु वार्ड १२ शय्याको सञ्चालनमा रहेको छ ।

यस्तै दिन नपुगी जन्मिएका र कम तौल भएका शिशुलाई अरु उपचारपश्चात् सामान्य भएपछि तौल बढ्न र शारीरिक, मानसिक विकास गर्न मद्दत पुर्‍याउनका लागि आमाले शिशुलाई छातीमा टाँसेर राख्ने पद्धति (कङ्गारु मदर केयर) पाँच शय्याको सञ्चालनमा छ ।

बालरोग विशेषज्ञ शर्माले नवजात शिशुका लागि उपचारको भरपर्दो व्यवस्था हुँदा प्रसूति गराउन धेरैले यहाँ चाहने गरेको बताउनुभयो । सरकारले सङ्घीय अस्पतालका रुपमा भरतपुर अस्पताललाई विकास गरेको छ ।रासस

# चुनावमा सदरमत बढाउन मतदाता शिक्षा- आयोग

काठमाडौँ । निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा सूसुचित मतदाताको सहभागिता बढाइ बदर मत प्रतिशत घटाउन र सदर मत प्रतिशत बढाउन यस पटक मतदाता शिक्षा कार्यक्रमलाई घनिभूतरुपमा अघि बढाउने भएको छ ।



आयोगले स्वास्थ्य स्वयंसेविका परिचालन गरी निर्वाचनका लागि तयार गरिएको पम्प्लेट र पोष्टरलगायत सामग्री मतदाताको घर-दैलोमै पुर्‍याएर मतदाता शिक्षा प्रदान गर्ने तयारी गरेको छ । निर्वाचनका लागि तयार गरिएका त्यस्ता पम्प्लेट र पोष्टर सबै जिल्लामा पठाइसकेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

मतदातालाई मतदानका लागि तयारी अवस्थामा राख्न निर्वाचन व्यवस्थापन गर्ने निकायद्वारा सञ्चालन गरिने शिक्षालाई मतदाता शिक्षा भनिन्छ। मतदातालाई लक्ष्य गरी मतदानमा तिनको अधिक सहभागिताका लागि शिक्षा प्रदान गरिने उद्देश्य रहेको यस कार्यक्रमले मतदान गर्ने सही तरिका र मतदानको महत्वबारे बोध गराउँछ । छापा माध्यम, रेडियो, टेलिभिजन, घरदैलोलगायत आम पहुँचयोग्य सञ्चारमाध्यमबाट पनि सवै मतदाता समेटिने गरी बृहत्‌रुपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने भएको छ ।

आगामी निर्वाचनका लागि यस पटक १८ भाषामा तयार गरिएको सामाग्रीलाई केन्द्रीयस्तरबाट प्रचार प्रसार गरिने भएको छ । आयोगले यही कातिक १८ गतेदेखि मङ्सिर १ गतेसम्म प्रभावकारीरुपमा मतदाता शिक्षा कार्यक्रम अघि बढाउन लागेको हो । मतदाताको सहभागिता अधिक बृद्धि गराउन, सदर मतप्रतिशत बढाउन तथा हर तवरले सूसूचित मतदाता तयार गर्ने उद्देश्यले मतदाता शिक्षा सञ्चालन गर्न लागिएको हो । विगतका निर्वाचनदेखि नै यस कार्यक्रममा स्वास्थ्य स्वयमूसेवीकाको योगदान महत्वपूर्ण रहँदै आएको थियो । यस पटक पनि स्थानीय तहले उहाँहरुलाई नै न्यूनतम १० हजार भत्ता उपलब्ध गराउन आयोगले निर्देशन दिइसकेको छ ।

स्वास्थ्य स्वयंसेवीले प्रत्येक वडाका बस्तीमा पुगेर मतदाता शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइएको छ । मतपत्रमा कसरी छाप लगाउने भनी जानकारी दिने र आफूले चाहेको उम्मेदवारलाई दिएको मत बदर नहुने गरी स्वस्तिक छाप लगाई मतपेटिकामा खसाल्ने विषय मुख्यरुपमा मतदाता शिक्षासँग जोडिएको छ । यस कार्यक्रमबाट मतदानमा सहभागी हुन प्रेरणा प्रदान गर्न, निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा मितव्ययी बनाउन, सुसूचित मतदाता तयार गर्न, अर्थपूर्ण सहभागिता जनाउन, बदरमत न्यूनीकरण गर्न, अमूल्य मतको महत्व बुझाउन र योग्य प्रतिनिधि चयन गर्न सहयोग मिल्ने अपेक्षा गरिएको छ ।

आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि एक करोड, ७९ लाख ८८ हजार पाँच ७० मतदाता सूचिकृत छन् । प्रतिनिधिसभा सदस्य २७५ र प्रदेशसभा सदस्य ५५० सिटका लागि निर्वाचन हुन लागेको हो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा सदस्यमा १६५ र प्रदेशसभा सदस्यमा ३३० तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा सदस्य ११० र प्रदेशसभा सदस्यमा २२० सदस्यका लागि बालिग मताधिकारका आधारमा निर्वाचन हुन लागेको छ ।

सह-प्रवक्ता सूर्यप्रसाद अर्याल भन्नुहुन्छ, “प्रत्येक मतदातालाई किन मतदान गर्दैछु, मतको मूल्य कस्तो हुन्छ, कस्तो प्रतिनिधि चयन गर्नुपर्छ, त्यसले लोकतन्त्रको सुदृढीकरणका लागि कस्तो फरक पार्छ भनी अर्थपूर्ण र गुणस्तरीय मतदाता तयार गर्ने उद्देश्यले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिन लागिएको छ ।”

विसं २०७४ मा एक करोड ५४ लाख २७ हजार नौ सय ३८ मतदाता रहेकामा एक करोड पाँच लाख ९४ हजार ४४ अर्थात ६८दशमलव६७ प्रतिशत मतदान भएको थियो । उक्त मतदानमा एक करोड ४५ हजार चार सय ७४ अर्थात ९४दशमलव८२ मत सदर भएकामा पाँच लाख ४८ हजार पाँच सय ७० अर्थात पाँच दशमलव१८ प्रतिशत मत बदर भएको थियो ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वासनीय र मितव्ययी तुल्याउन त्यस्ता मतदाताको महत्वपूर्ण भूमिका हुन्छ । उहाँ भन्नुहुन्छ, “सूसुचित मतदाताले नै निर्वाचन आचारसहितालाई कहाँ, कसले, कसरी पालना वा उलङ्घन गर्‍यो भनी बुझ्ने र मूल्याङ्कन गर्ने काम गर्छ ।”

पछिल्लो समय आयोगले निरन्तर शिक्षाका रुपमा मतदातालाई सूसुचित तुल्याउन मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । निर्वाचनका माध्यमद्वारा देशमा लोकतान्त्रिक संस्था सवल हुने, जनताको आवाज मुखरित हुने र नागरिकले राजनीतिक छनोटको अधिकार पाउने हुनाले निर्वाचनलाई लोकतन्त्रको मेरुदण्डका रुपमा लिने गरिन्छ । मुलुकको निर्वाचनसँग जोडिएका सरोकारवालासँगको छलफल, परामर्श, समीक्षा र अन्तर्क्रियामा प्राप्त सुझाव र पृष्टपोषणका आधारमा आयोगले आसन्न निर्वाचनलाई लक्ष्य गरेर विभिन्न नीति तथा रणनीति बनाएर मतदाता शिक्षा कार्यक्रम तयार गरेको हो । आयोगले यस पटकको निर्वाचनमा केही सुधार परिमार्जनका साथै केही नवीन मतदाता शिक्षा कार्यक्रम पनि बनाएको छ ।

निर्वाचनको तयारीका लागि आयोगले तीव्र गतिमा तयारी गरिरेहको छ भने राजनीतिक दल पनि आफ्ना चुनावी एजेण्डा लिएर जनताको घरदैलोमा प्रवेश गरिसकेका छन् । मौसमका हिसाबले वातावरण चिसो हुँदै गए पनि चुनावी राजनीतिक सरगर्मीले टोल, वडा, पालिका, निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश र समग्रमा देशकै माहोल तातेको छ । राजनीतिक सरगर्मी बढेसँगै राजनीतिक दल र उम्मेदवारबाट आचारसंहिता उलङ्घनका घटना सुनिन थालेका छन् । आयोगले त्यस्ता गतिविधिबारे के कसो भएको हो भन्नेबारेमा स्पष्टिकरण सोध्ने र जानकारी लिने काम निरन्तररुपमा गरिरहेको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले भन्नुभयो,“दल वा उम्मेदवारले आचारसंहिता बाहिर गएर गरिएका गतिविधिबारे अनविज्ञता प्रकट गर्न मिल्दैन । आचारसंहिताविपरीत गरिएका गतिविधिलाई रोक्न तत् तत् उम्मेदवाररदलअग्रसरहुनैपर्छ।”रासस

# अन्तर्राष्ट्रिय चार्टर्ड उडान भैरहवाबाट गर्नुपर्ने

काठमाण्डु । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुँदै आएका अन्तर्राष्ट्रिय चार्टर्ड उडान भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट गर्नुपर्ने निर्णय गरेको छ ।

गएको जेठ २ गतेदेखि विधिवत्‌रुपमा सञ्चालनमा आएको गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थललाई पूर्णरुपमा प्रयोगमा ल्याउन प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुँदै आएका चार्टर्ड उडान अब भैरहवाबाट गर्नुपर्ने निर्णय गरेको महानिर्देशक प्रदीप अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार कूटनीतिक चार्टर्ड उडान, कार्गो उडान र सेनाका उडान भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै हुने भएका छन् ।

प्राधिकरणले यही कात्तिक १३ गतेदेखि लागू गरेको हिउँदे उडान तालिकाअनुसार चार्टर्ड उडानसँगै काठमाडौँबाट हुँदै आएका हरेक तीन उडानमा एक उडानसमेत भैरहवाबाटै हुने भएका छन् । विदेशबाट आउने चार्टर्ड उडानलाई भने यसअघि नै भैरहवा अवतरण गराउन थालिसकिएको छ । प्राधिकरणले नेपाल वायुसेवा निगम र हिमालय एयरलाइन्ससहित तीन विदेशी हवाई कम्पनीलाई हिउँदे उडान तालिका अनुसार गौतमबुद्ध विमानस्थलमा दैनिक एक उडान गर्न निर्देशन दिएको छ । अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल वायुसेवा निगम, हिमालय एयरलाइन्स, एयर अरेबिया, कतार एयरवेज, फ्लाई दुबईले दैनिक तीनभन्दा बढी उडान गरिरहेका छन् भने भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा जजिरा एयरलाइन्सले मात्र हप्ताको तीन उडान गरिरहेको छ ।रासस

# अतिक्रमित भूमि फिर्ता गर्न कूटनीतिक पहल हुन्छ : माओवादी

काठमाण्डु । नेकपा(माओवादी)ले राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको पक्षमा दृढतापूर्वक उभिदै कालापानी, लिपुलेक र लिम्पियाधुरालगायतको अतिक्रमित नेपाली भूमि फिर्ताको लागि अविलम्ब कूटनीतिक पहल गर्ने लक्ष्यका साथ प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ ।



राष्ट्रिय सहमतिका साथ अतिक्रमित भूमि समेटिएको नक्सा सार्वजनिक भए पनि व्यवहारतः ती भूमि फिर्ता हुन सकेको छैन । ती भूमि फिर्ताका लागि कूटनीतिक पहल गर्ने विषयलाई माओवादीले प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ । विदेश नीतिको आधार राष्ट्रिय हित, शान्ति क्षेत्र, पञ्चशील र असंलग्नता, राष्ट्रियता र स्वाधीनताका लागि सुदृढ राष्ट्रिय एकतालाई जोड दिँदै माओवादीले असंलग्न परराष्ट्र नीति नै नेपालको मूल परराष्ट्रनीति भएको स्पष्ट पारेको छ ।

अन्तर्राष्ट्रिय परिदृश्यको चर्चा गर्दै माओवादीले विभिन्न १४ बुँदामा पार्टीले अवलम्बन गर्ने परराष्ट्र नीतिका बारेमा स्पष्ट पारेको छ । राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा, प्राकृतिक सम्पदाको जगेर्ना र नेपाली जातिको स्वाभिमानको सम्मान सुनिश्चित हुनेगरी राष्ट्रिय सुरक्षा नीति परिमार्जन गर्ने भएको छ ।

माओवादीले सङ्घीय शासन प्रणालीमार्फत स्वायत्त शासन र साझा शासनको प्रभावकारी कार्यान्वयन गरी नेपालको आन्तरिक एकताको प्रवर्द्धन गर्दै मुलुकको सार्वभौमसत्ता सुदृढ गर्ने लक्ष्य राखेको छ । नेपाली सेनालाई साधनस्रोत सम्पन्न, थप आधुनिक र अझ दक्ष बनाइनेछ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र स्थानीय प्रहरीलाई स्रोतसाधन सम्पन्न गराउने नीति अख्तियार गर्ने सो पार्टीले जनाएको छ ।

परराष्ट्र नीति अवलम्बन गर्दा नेपालको आत्म निर्णयको अधिकार, स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमसत्ताको रक्षालाई सर्वोपरि स्थान दिँदै विश्वको शान्ति, पञ्चशीलको सिद्धान्त र असंलग्नता, संयुक्त राष्ट्र सङ्घको बडापत्र र राष्ट्रिय हित तथा स्वार्थद्वारा परराष्ट्र नीति निर्देशित हुने माओवादीको भनाइ छ ।

माओवादीको प्रतिबद्धतापत्रमा भनिएको छ, ‘‘भूराजनीतिक अवस्थालाई ध्यानमा राखी दुई छिमेकी मुलुकसँग मैत्रीपूर्ण तथा घनिष्ठ सम्बन्ध स्थापना गर्ने र नेपाली भूमिलाई कुनै पनि छिमेकी मुलुकको विरुद्ध दुरुपयोग गर्न दिइने छैन ।’

कुनै पनि प्रकारको वैदेशिक सैन्य गतिविधिबाट मुक्त गरी नेपाललाई शान्ति क्षेत्रको रूपमा स्थापना गर्ने र नेपाललाई कुनै पनि मुलुकसँगको दुईपक्षीय वा बहुपक्षीय सैन्य गठबन्धनमा सहभागी नगराउने माओवादीको ठहर छ । अन्तर्राष्ट्रिय विवाद वा द्वन्द्वमा संयुक्त राष्ट्र सङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनका स्थापित मान्यताहरूको आधारमा शान्तिपूर्ण संवादको प्रक्रियाबाट समाधान खोज्न जोड दिने माओवादीको प्रतिबद्धतापत्रमा उल्लेख छ ।

नेपाल विश्व शान्तिको पक्षमा दृढ रहँदै सैनिक शक्तिको विस्तार, आणविक अस्त्रहरूको निर्माण र अस्त्र-शस्त्रको होडबाजी आदिको विरोध गर्दै विश्व शान्ति र सद्भावको पक्षमा निरन्तर जोड दिने सो दलले स्पष्ट पारेको छ । माओवादीले सन् १९४७ को गोरखा भर्तीसम्बन्धी त्रिपक्षीय सन्धि, सन् १९५० को नेपाल र भारतबीचको शान्ति र मैत्रीसम्बन्धी सन्धि, भारतसँगको जलस्रोतसम्बन्धी र व्यापार तथा पारवहनलगायत सम्पूर्ण असमान सन्धिहरूको पुनरावलोकन गरी खारेजी, प्रतिस्थापन वा संशोधन-परिमार्जनद्वारा राष्ट्रिय स्वार्थ र हित अनुकूल बनाइने प्रतिबद्धतपत्रमा स्पष्ट पारिएको छ ।

नेपाल र भारतबीचको खुला सिमानालाई नियन्त्रण र नियमन गर्ने, आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निमार्णको राष्ट्रिय आवश्यकतालाई मध्यनजर गर्दै ससर्त प्राप्त हुने वैदेशिक सहायता, अनुदान र ऋणको मात्रा क्रमशः घटाउँदै लैजाने तथा विदेशी लगानी र ऋणलाई राष्ट्रिय हित अनुकूल आर्थिक पूर्वाधार निर्माण र विकासका लागि मात्र लिने व्यवस्था गर्ने विषयलाई माओवादीले महत्वका साथ समावेश गरेको छ ।

राष्ट्रिय सार्वभौमिकता र हित प्रतिकूलका कुनै पनि वैदेशिक सहयोग स्वीकार नगर्ने एवं पञ्चशीलमा आधारित असंलग्न परराष्ट्र नीतिलाई अक्षुण्ण राख्दै, स्थायी तटस्थताको छविलाई निरन्तरता दिँदै, विश्व र क्षेत्रीय शक्ति सम्बन्धमा आएको बदलाव अनुरूप द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय कूटनीतिक पहल गर्ने माओवादीले आफ्नो प्रतिबद्धतापत्रमा समावेश गरेको छ ।

प्रतिबद्धतापत्रमा भनिएको छ, ‘‘नेपाली नियोग र परराष्ट्र मामला तथा कूटनीतिका क्षेत्रमा काम गर्ने सरकारी निकायलाई समय-सापेक्ष रूपमा अत्यधुनिक, दक्ष र व्यवस्थित बनाइ थप सुदृढ र विकसित २१औं शताब्दीमा सार्वजनिक कूटनीति सञ्चालन गर्न सफ्ट पावर र डिजिटल कूटनीतिजस्ता विधिहरूको प्रयोग गरी राष्ट्रिय हित अभिवृद्धिका लागि सार्वजनिक कूटनीति सञ्चालन गर्न सक्रिय पहल गरिने छ ।’ गोर्खा सैनिकको समान कामको समान ज्याला तथा सुविधाको मागलाई सम्बोधन गराउन सक्रिय पहल गर्ने माओवादीको योजना छ ।रासस

# जलवायु परिवर्तनलाई बहुसरोकारको विषय बनाउन सरकारलाई सुझाव

काठमाण्डु। जलवायुपरिवर्तनलाई बहुसरोकारको विषय बनाई अघि बढ्न सरकारलाई विज्ञहरूले सुझाव दिएका छन् । जलवायु परिवर्तन अहिलेको वैश्विकरूपमै पेचिलो विषय भएकाले बहुक्षेत्रगत तहमा समन्वय, सहकार्य र सहभागिताले मात्रै यसले निम्त्याउने समस्यासँग जुध्न सहयोग पुग्ने विज्ञको सुझाव छ।

जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घीय महसन्धि (युएनएफसीसी) का पक्षराष्ट्रको सत्ताइसौँ सम्मेलन (कोप-२७) यस पटक यही कात्तिक २० देखि मङ्सिर २ सम्म इजिप्टको सार्म एल् शेख शहरमा हुँदैछ । सोही अवसरमा ‘कोप-२७ मा मिडिया र नागरिक समाजको उत्प्रेरक सम्भाव्यता’ विषयक कार्यक्रममा बोल्दै विज्ञहरूले नेपालमा जलवायु परिवर्तनको विषय राजनीतिकरण नभएकोमा चिन्ता व्यक्त गरे ।

कार्यक्रम आयोजक संस्था नेपाल पानी संरक्षण प्रतिष्ठानका अध्यक्ष डा डमिन्द्र दाहालले हामीले अहिलेसम्म जलवायु परिवर्तनसम्बन्धी के सिक्यौँ र कति गर्न सक्यौँ भन्ने कुराको सही समीक्षा हुनु जरुरी छ भन्नुभयो । ‘‘जलवायु परिवर्तन बहुपक्षीय विषय भएकाले वातावरण मन्त्रालयमात्र नभई अन्य मन्त्रालय र विभागको उत्तिकै सक्रियता आवश्यक छ’, डा दाहालले जोड दिनुभयो । उहाँका अनुसार पालिकास्तरमा यी विषय नपुग्नु, सही तथ्याङ्कको अभाव हुनु, हानि र क्षतिसम्बन्धी गहन अध्ययन नहुनु नेपालका लागि चुनौती हुन् । जबसम्म विज्ञान, राजनीति र नीति निर्माण एकसाथ भएर काम गर्दैनन्, जलवायु परिवर्तनको असरसँग जुध्न नेपाललाई गाह्रो पर्छ’, उहाँको जिकिर छ ।

त्यसैगरी, प्रकृति स्रोत केन्द्रका निर्देशक राजु पण्डित क्षेत्रीले यति लामो समय भइसक्दा पनि नेपालका राजनीतिक दलहरूले जलवायु परिवर्तनलाई आत्मसात नगरेको गुनासो गर्नुभयो । बहुक्षेत्रीय प्रभाव पार्ने मुद्दा जलवायु परिवर्तनप्रति कसैले पनि बेवास्ता गर्न नमिल्ने भन्दै क्षेत्रीले नागरिक समाजले विकसित राष्ट्रले अल्पविकसित राष्ट्रलाई दिने भनेको सहयोग कार्यान्वयनका लागि उनीहरूलाई सूक्ष्मरूपमा नियाल्नु पर्दछ । जलवायु वित्तको सही प्रयोग हुन्छ हुँदैन भन्नेमा मिडिया र नागरिक समाजले विशेष ख्याल गर्नुपर्नेमा उहाँको जोड छ।

जलवायु अभियानकर्मी लालमणि वाग्लेका अनुसार प्रलयकारी जलवायुजन्य घटना, युक्रेन युद्ध र जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घको पछिल्लो प्रतिवेदनको पृष्ठभूमिमा हुन लागेकाले पनि कोप-२७ को विशेष महत्व छ । उहाँले नागरिक समाजले नेपाल सरकारलाई जलवायु परिवर्तनका विषयमा ज्ञान र सीप विकासमा सहयोग गर्नुका साथै सरकारका गतिविधि पनि अनुगमन गरिरहेको बताउनुभयो । जलवायु

*नेपाल वातावरण पत्रकार समूहकी सचिव प्रगति ढकालले नेपाली पत्रकार तथा मिडियाले पनि पछिल्लो समयमा जलवायु परिवर्तनका विषयलाई प्राथमिकता दिन थाले पनि यससम्बन्धी ज्ञानको अभिवृद्धि जरुरी भएको बताउनुभयो ।*

दबाव सिर्जना गर्नु आवश्यक रहेको जनाउनुभयो । उहाँका अनुसार कोप-२७ पनि यसका लागि उचित मञ्च हो ।

जलवायु परिवर्तन एक्लो समस्या नभई आर्थिक, सामाजिक र राजनीतिक समस्याको मिश्रण हो । त्यसैले यो बहुसरोकारको विषय हो’, उहाँले भन्नुभयो । क्षेत्रीका अनुसार अन्तर्राष्ट्रिय मञ्चमा जलवायु परिवर्तनसम्बन्धी नागरिक समाज र नेपाल सरकारको भनाइ एकै भए पनि देशभित्र भने नागरिक समाजले सरकारका गतिविधिलाई अनुकूलन र हानि र क्षति नेपालले विशेषरूपमा उठाउनुपर्ने उहाँको सल्लाह छ । मर्सी कोरका सजन न्यौपानेले जलवायु अनुकूलन, न्यूनीकरण, नीति तथा संरक्षणका विविध प्रयासमा भएको कमजोरीलाई सच्याउनुपर्छ भन्नुभयो । जलवायु परिवर्तनले सिर्जित सङ्कटापन्नताको प्रत्यक्ष असर व्यक्ति, समाज तथा देशको आर्थिक अवस्थामा पर्ने भएकोले यी चुनौतीको सामना गर्न सबै क्षेत्रको प्रयास आवश्यक रहेको उहाँको भनाइ छ ।

नेपाल वातावरण पत्रकार समूहकी सचिव प्रगति ढकालले नेपाली पत्रकार तथा मिडियाले पनि पछिल्लो समयमा जलवायु परिवर्तनका विषयलाई प्राथमिकता दिन थाले पनि यससम्बन्धी ज्ञानको अभिवृद्धि जरुरी भएको बताउनुभयो । जलवायु कार्यका लागि नेपाली युवाका सञ्जाल संयोजक उमेश बलाल मगरले कोप-२७ मा दक्षिणी विश्व (ग्लोबल साउथ) को आवाज जोडदाररूपमा उठाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा वन तथा वातावरण मन्त्रालय जलवायु परिवर्तन व्यवस्थापन महशाखाका उपसचिव नरेश शर्माले कोप-२७ का लागि नेपालले प्रस्तुत गर्ने पोजिसन पेपरको तयारी अन्तिम चरणमा पुगेको बताउनुभयो। अल्पविकसित राष्ट्रमार्फत् हामीले राख्नु पर्ने विषय त्यो पोजिसन पेपरमा समावेश भएका छन् भन्दै उहाँले वातावरण मन्त्रालय जलवायु परिवर्तनका मुद्दामा फोकल मन्त्रालय भए पनि अन्य मन्त्रालय तथा विभागसँग समन्वय र छलफल गरिरहेको जानकारी दिनुभयो ।

शर्माले मिडिया र नागरिक समाजले जलवायु परिवर्तनसम्बन्धी उठाएका विषयलाई सरकारले सकारात्मकरूपमा लिएको र आगामी दिनमा सहकार्य गरेरै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। कोप-२७ लाई धेरै राष्ट्रले प्रतिबद्धता कार्यान्वयन सम्मेलनका रूपमा लिएका छन्। उक्त सम्मेलनमा नेपालबाट मन्त्रिस्तरीय प्रतिनिधिमण्डलले भाग लिँदैछ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# आयोगको निर्देशन उल्लंघन

निर्वाचन आयोगले मंसिर ४ गते हुने चुनावलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन आचार संहिता जारी गरिसकेको छ ।तर मतदानको तिथि नजिकिने क्रमसँगै उम्मेदवारहरुले आचारसंहिता उल्लंघनको क्रमलाई तीव्र बनाउन थालेका छन् ।आयोगले जारी गरेको निर्देशन र आचारसंहितालाई उल्लंघनगर्दै उम्मेदवार हरुले प्रचारमा लागेका छन् ।फ्लेक्स लगायतका ठूला बहुरंगी पोष्टरहरुको प्रयोगमा पूर्ण रुपमा रोक लगाइए पनि त्यसकै सर्वाधिक प्रयोग भइरहेको छ ।आयोगले धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार जुली महतोलाई स्पष्टीकरण सोधेको थियो ।२४ घण्टे स्पष्टीकरणको जवाफ पनि महतोले दिएको हुनुपर्छ ।तर उनले जवाफ दिए पनि आचारसंहिताको उल्लंघनमा बिराम लगाएकी छैनन् ।स्पष्टीकरण आयोगले सोधे पनि महतोले अटोरिक्साहरुमा लगाएकी फ्लेक्स पोष्टरहरु हटाएकी छैनन् ।मठमन्दिरहरुमा महतोकी प्रचार झण्डाहरु गाडिएका छन् ।आचारसंहिता उल्लंघनको क्रममा महतो अगाडि देखिए पनि अन्य उम्मेदवारहरु पनि पछाडि छैनन् ।स्वतन्त्र उम्मेदवारहरुले समेत फ्लेक्स र सामाजिक सञ्जालमा व्यापक प्रचार गरिरहेका छन् ।एकै जना उम्मेदवारको कयौं गाडी प्रचारमा लागेको छ ।भोजभतेर र खानपिनमा पर्याप्त खर्च उम्मेदवारहरुले गर्न थालेका छन् ।मद्यमांसका होटेलहरु मध्यराती सम्म सञ्चालनमा रहेको देखिन्छ ।आयोगले तोकेको उम्मेदवारहरुको खर्च सीमा मध्ये सामाजिक सञ्जालमा भइरहेको प्रचारले नै नाघ्न सक्ने अवस्था छ ।मूलधारका सञ्चार माध्यमहरुलाई वेवास्तागर्दै उम्मेदवारहरुले सामाजिक सञ्जालको अत्यधिक प्रयोग गर्न थालेका छन् ।सामाजिक सञ्जालमा गरिने विज्ञापनलाई आयोगले गंभीरतापूर्वक अनुगमन गर्न कठिन छ ।निर्वाचन आयोगको हालको संयन्त्रले आचारसंहिताको पालना गराउन सहज छैन् ।प्रहरी प्रशासनको परिचालनगरी उम्मेदवारहरुले प्रयोग गरिरहेका सवारी साधनको नियन्त्रण गर्न सकिन्छ ।तर आयोगले त्यसतर्फ ध्यान दिएको छैन् ।एकै जना उम्मेदवारले कयौं डमी उम्मेदवार उठाएका छन् ।उनीहरुको चुनावी सुविधा मूल उम्मेदवारले प्रयोग गरिरहेका छन् ।निर्वाचन आयोगले आचारसंहिता र निर्देशिका पालनामा कडाई गरेको भनिए पनि उम्मेदवारहरुले दिनभरि नै त्यस विपरितको काम गर्छन ।आयोगले तोकेको खर्चको सीमा भन्दा बाहिर जाने संकेत देखिए संलग्न उम्मेदवारहरुलाई हदै सम्मको कारबाही गर्न सकिन्छ ।प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव एकै पटक भइरहेको छ ।देशमा व्यक्ति भन्दा ठूला दलहरुबीच भएको गठबन्धनले लोकतान्त्रिक मूल्य र मान्यता विपरीतका कामहरु गरिरहेका छन् ।त्यसकारण निर्वाचन आयोगले आचारसंहिता र निर्देशनलाई कडाईका साथ पालना गराउनै पर्छ ।निर्देशन उल्लंघन गर्ने जस्तो सुकै उम्मेदवारहरुलाई कारबाहीको दायरामा ल्याउनु पर्छ ।

# मधेशी दलको भन्डाफोर



सरोज कुमार मिश्र

यो संविधानमा भएको त्रुटिहरुलाई सच्याउनु पर्ने आवश्यकता संविधान निर्माणकर्ताहरुले गरिराखेको पश्चतापबाट बुझिन्छ । मधेशको मुद्दा समावेश हुने गरी संविधान संशोधनको सवाल र यसलाई आवश्यक संशोधनको पहलको दिशामा संसदमा ठोस भूमिका खेलेको देखिदैन । त्यसकारण यो संविधानको सफल कार्यान्वयनमा चुनौती थपिएका छन् । जसका मुख्य जिम्मेवार दलालहरु हुन् । यिनीहरुको प्रस्तुति र प्रदर्शन संसदमा असक्षम र संदिग्ध भएको हुनाले साथै भ्रष्टचारमुखी नीति उद्देश्य, सिद्धान्तले गर्दा देशको समक्ष यो समस्या आएको कुरा प्रमाणित भइसकेको छ । सर्वप्रथम अशोज ३ गते संविधान दिवसलाई एक दिन मात्र कालो दिन र वर्षका अन्य सबै दिन सत्ताको रसमलाई खाने दिनको रुपमा लिएको यिनीहरुको गैर राजनैतिक चरित्रले गर्दा र संसदमा आवश्यकता र औचित्य पृष्टी गर्न नसक्नु यिनीहरुको असक्षमकताको प्रदर्शन हो भने समयमा मधेशको पक्षमा संविधान संशोधन प्रस्ताव दर्ता नगरेर मधेशी जनतालाई धोका दिएका छन् भने राष्ट्रिय सहमतिको बहानामा सत्तापावर सेयरिङ्गको खेल गरी बार्गेनिङ्ग गरेको हुदा प्रस्तुत सन्दर्भका तथ्यहरुले प्रमाणित गर्दछ ।

यो संविधानलाई असफल पार्ने षडयन्त्र भइरहेको कुरा सर्वविदितै छ । जसको मतियार दलालहरु भएका छन् भने यी दलाल प्रवृति भित्र बसेका लोकतान्त्रिक, गणतान्त्रिक आन्दोलन विरोधीहरुको समूहको बाहुल्यताले गर्दा षडयन्त्र गम्भीर भएका छन् । यसको पहिचान लोकतन्त्रवादी, गणतन्त्रवादी प्रमुख शक्तिहरुले समयमा गर्न नसक्नु दुर्भाग्य हो । सत्ताको मोहको कारण यिनीहरुबाट संविधान रक्षा, देश र जनताप्रति हुने जवाफदेहिता विर्सिएर चुक भएकै कारण लोकतन्त्रलाई कमजोर बनाएको छ । शिशु गणतन्त्रको जीवन संकटमा पारेको छ ।समयमा नै लोकतान्त्रिक, गणतान्त्रिक शक्तिहरु सचेत हुनु आवश्यक छ ।

२०७४ को निर्वाचन पूर्व तत्कालीन पूर्व प्र.म. शेर बहादुर देउवा सरकारले त्यसबेला संसदमा मधेशमा समस्या समाधान हुने केही मुद्दा समेट्ने गरी संविधान संशोधन प्रस्ताव ल्याएका थिए । त्यसलाई झिनोमतले असफल पारियो । त्यसपछि पनि नेपाली कांग्रेसले मधेशको पक्षमा पूर्व प्र.म. ओली सरकारले संशोधन प्रस्ताव ल्याए भने हामी प्रतिपक्षमा भएर समर्थन गर्न तयार छौ भनी पटक पटक भनेको देखिन्छ भने २०७४ को निर्वाचनपछि पूर्व प्र.म. के.पि.ओलीले रोष्टम बाटै आवश्यकता र औचित्य पुष्टि भए अनुसार हामी संविधान संशोधन गर्न तयार छौ । यो नकारात्मक पक्ष होइन । सकारात्मक पक्ष हो । मधेशको प्रमुख विषयले संसदमा प्रवेश पाएको भए यस्ता कुरा आउने नै थिएन । आयो भने पनि केही छैन । यसलाई पुष्टी गर्न नसक्नु दुर्भाग्यिपूर्ण हो । दलालहरुले नैतिकताविहीन, गैर जिम्मेवारीको प्रदर्शन गरी असक्षम घोषित भएका छन् । यसरी संसदमा असफल खेलाडी सावित भइ समयमा मधेशको पक्षमा यसरी संशोधन प्रस्ताव दर्ता नगरी मधेशी समुदाय सँग गद्दारी गरी धोका दिएको तथ्य प्रमाणित भएको छ ।

पूर्व प्र.म. के.पि. ओली सरकारको पालामा २०७७।२।५ गते देशको नयाँ नक्सा स्वीकृति गर्नु भयो । २०७७।२।१० गते नया नक्सा सम्बन्धमा निशान छापको लागि संशोधन प्रस्ताव संसदमा सरकारले दर्ता गरायो । के मधेशी दलहरुलाई थाहा थिएन नक्सा देशको संवेदनशील विषय हो र यो संविधानको अंग हो र सरकारलाई यो विषयमा स्विकृति गरेर मात्रै हुदैन संसदमा ल्याएर संविधान संशोधन गराउनु आउनै पर्छ । यो कुराको ज्ञान नभएर होकी बुझपचाएका हुन् जनतालाई स्पष्ट पार्नु पर्छ ।

अर्को कुरा नेपाल सरकारले नयाँ नक्सा संसोधन प्रस्ताव स्वीकृत गरेको ५ दिनपछि संसदमा संशोधन प्रस्ताव दर्ता गरायो भने मधेशी दलहरुले रा.ज.पा. नेपालले एक्लै २०७७।२।१७ गते मधेशको मुद्दा दर्ता गरायो भने २०७७।२।१९ गते रा.ज.पा. नेपाल र समाजवादी पार्टी मिलि संयुक्त रुपमा २३ बुदे संविधानको संशोधन २०७७ दोश्रो विधेयक संसद सचिवालयमा दर्ता गराएका थिए । त्यो विधेयकमा के थियो? जनतामा सार्वजनिक गर्न मधेशी दलहरुले आवश्यक ठानेनन् र बागमतीमा फालीदिए होला । र सरकारी संशोधन प्रस्तावमा समर्थन नगर्ने निर्णय गरे ।

अब यसरी मधेशको विषयमा संशोधन प्रस्ताव नयाँ नक्सा स्विकृत भएको २ दिन भित्र दर्ता गर्नु पर्नेमा १२ दिन वा १४ दिनमा दर्ता गरी यसरी संसदमा दर्ता पछि गरी संसदमा पहिले छलफल हुदैन थाहा पाई पाई अनावश्यक बल मिच्याई गरी जनतालाई बेबकुफ बनाउनको लागि मिडीयाबाजी गर्ने कार्य गरे भने राष्ट्रिय सहमतिको नाममा एकातर्फ राज्यलाई जिस्काउने काम गरे भने जनताको लागि बिना उपलब्धि सहमति गरेर सत्ता पावर सेयरिङ्ग खेलको गरी बार्गेनिङ्ग गरी आफ्नो स्वार्थ सिद्ध गरेका हुन् ।

यसरी मधेशको मुद्दामा संशोधन प्रस्ताव समयमा दर्ता किन गरिएन? गरिएको भए संविधान पनि संशोधन भइ देशले एउटा राष्ट्रिय सहमतिको साथ निकास पाउथ्यो मधेशी समुदायले राहत पाउथे तर दुर्भाग्यले गर्दा यि मधेशी दलहरुले गर्दा यसो हुन सकेन ।

यो अप्रेसन सफल पार्न २४ घण्टाको समय पर्याप्त थियो । सरकारले मधेशी दलहरुलाई ४ दिनको पर्याप्त समय दियो यिनीहरुलाई आफ्नो काम गरोस भनी तर यिनीहरुले ५ दिन भित्र गर्न नसक्नु आश्चर्यको विषय बनेको छ । कर्म चाही नगर्ने अनि अनावश्यक राष्ट्रिय सहमतिको मादल बजाउने कार्य गरी राज्यलाई चिढाउने र मधेशी जनतालाई धोका दिने काम गरेका छन् । के यसलाई सार्थक प्रयास गरेको भन्न सकिन्छ?२ दिन भित्र संशोधन दर्ता गर्नु पर्ने ठाउमा १२, १४ दिनमा दर्ता गर्नुको अर्थ के? जसको संसदमा छलफल पनि भएन । मधेशको सवालमा कस्तो संशोधन प्रस्ताव संसदमा दर्ता गराउने भन्ने विषय त यिनीहरुले पूर्व तयारी गरी राख्नु पर्ने कुरा होइन र? एउटा उखान छ "चलेना जानी अगने टेढ" भने जस्तै भयो । खेल जगतको क्रिकेटमा यसरी बुझ्नु पर्छ ।"लुजबलमा हान्नु पर्ने ठाउमा लापरवाहीले गर्दा आउट भएका छन् ।" यिनीहरुले अर्को कुरा पनि जनतामा स्पष्ट पार्नु पर्छ सरकार परिवर्तन भए पनि संसद परिवर्तन भएको होइन । संशोधन विधेयक खेपै पिच्छे दर्ता गर्ने चलन हो भने एम.सि.सि. संसदबाट अनुमोदन पूर्व मधेशको पक्षमा संशोधन प्रस्ताव गर्दा गराई किन छलफल गराइएन । वा दर्ता गर्नु नपर्ने भए पूर्व दर्ता २३ बुदेलाई किन छलफल गराइएन । यसरी २०७४ को संसदमा सरकारले ल्याएको कुराहरु पारित भयो भने मधेशले चाहेको विषय छलफल पनि हुन नसक्नु दुःखको विषय हो । यसको जिम्मेवारी मधेशी दलका सांसदहरुले लिनु पर्छ । २०७४ को संसदको यि उदाहारण मात्र हो । दुबै संविधान सभामा गरेका यिनीहरुको कुकर्म जनताले विर्सेका छैनन् ।

कसैले राष्ट्रपति, प्रधानमन्त्री लगायत महत्वपूर्ण पद पाइनै हाले भने त्यसले मधेशको लागि महत्व राख्दैन, त्यो पाउने भनेको व्यक्तिले हो । समुदायलाई त्यसले केही उपलब्धि हुदैन । महन्थ ठाकुरले प्रधानमन्त्री कहाबाट पाउथे । उहाको दुबै तर्फदुबै खुटा तान्ने राजेन्द्र महतो र उपेन्द्र यादव आ आफ्नो दाउमा थिए । राजेन्द्र महतोले एउटा नागरिकता सम्बन्धी अध्यायदेश र मधेश आन्दोलनको केही लागेका मुद्दा फिर्तालाई आधार बनाएर त्यसको लागि जुन अध्यादेशलाई अदालतले रोकि दिन्छ थाहा हुदा हुदै महन्थ ठाकुरलाई पनि सत्ता पावर शेयरिङ्गको मतियार बनाए भने सत्ता परिवर्तन पछि पनि लाजै पचाएर आफू मन्त्री पाउनुको लागि महन्थ ठाकुरलाई बालुवाटार पठाएको कुरा जगजाहेर छ । महतोको वकिल लक्ष्मणलाल कर्णले हालै मिडीयामा भनेका रहेछन हामीलाई जनताले मन्त्री बन्नकै लागि मत दिएको हो । हामी जोगी बन्न आएको होइन, अब जनताले सोध्छन् यस निर्वाचनमा मत के का लागि दिने हो? जवाफ दिनु पर्ला । राजेन्द्र महतोलाई ज्ञानेन्द्र शाहको शासनको पालामा बद्री मण्डलले पाएको उपप्रधान मन्त्री लगायत ४ मन्त्रालयमा एउटा मन्त्रालय त्यसबेला महतोलाई दिने आश्वसन दिएका थिए । नपाएर यता आन्दोलनमा लागे नभए बद्री मण्डल र लक्ष्मणलाल कर्णको सँग राजेन्द्र महतो उतै हुन्थे । यिनीहरुले मधेशको समस्यालाई ठगी खाने भाडो बनाएका छन् ।

ज्ञानेन्द्र विरुद्ध आन्दोलन पछि हृदेश त्रिपाठी मन्त्री भए राजेन्द्र महतोले हृदेश त्रिपाठीलाई मन्त्रीबाट हटाई महतोले नवलकिशोर साह(हनुमानगर) र गजेन्द्र बाबुको सालो मार्फत आनन्दी देवी सिंहलाई दाम चढाएर मन्त्री बन्न सफल भएका मान्छे हुन् भने भरत बिमल यादव र हृदेश त्रिपाठीलाई बाइपास गरी बद्री प्रसाद मण्डल सँग भएका लक्ष्मणलाल कर्ण सँग एकीकरण गरेर निर्वाचन आयोग बाट अध्यक्ष पदमा गजेन्द्र नारायण सिंहको श्रीमतीआनन्दी देवी सिंहलाई हटाई आफू अध्यक्ष भएको वैधता नपाएपछि सद्भावना पार्टी तिरछाप बनाए भने त्यस पार्टीले जब पहिलो संविधान सभामा दुइ मन्त्रालय पाएको बेला एउटा आफ्नो लागि एक मन्त्रालय सुरक्षित गरे भने विना विभागीय एक मन्त्रीमा "रोटी एक कुकुर दुईको झगडा भयावह हुन्छ" लक्ष्मण लाल कर्ण र अनिल कुमार झामा राजेन्द्र महतोले झगडा लगाई दिए । यस बेला अन्य उमेदबारमा राम नरेश राय यादव पनि थिए भने अर्को उमेदबार नवलकिशोर साह पनि थिए महतो माथि गुन लगाएका हुनाले उनि मनोनित सभासद पनि थिएनन् त अन्य तिन जनाले मनोनित सभासद पाएको थिए भने यसपालि सभासद नभएको व्यक्तिले पनि मन्त्री हुने प्रावधान राखिएको थियो । लक्ष्मणलाल कर्ण र अनिल झाको झगडाले सद्भावना पार्टीलाई कमजोर बनायो । मन्त्री लक्ष्मणलाल कर्णले पाए यसबेला मन्त्री पाउनु पर्ने व्यक्ति यि शकुनी पासाका खेलाडी नवल किशोर साह थिए यिनको हालको झट्काले आज राजेन्द्र महतो समाप्ति को कगारमा पुगेका छन् । पछिलो समय नवल किशोर साह आफ्नो समूह लिएर उपेन्द्र यादव सँग छन । भने दोश्रो संविधान सभाको समनुपातिक सभासद छनौटमा धाधली काण्ड मचाए पछि समाप्त भएका राजेन्द्र महतोले महन्थ ठाकुरले बनाउन खोजेको छविलाई समाप्त पारी नै छाडे भने महन्थ ठाकुर जस्तो मान्छे कुन लोभ लालचको प्रपंचमा फसे आश्चर्यको विषय बनेको छ ।

यिनीहरुको गलत चरित्रले गर्दा जन सहभागिताको कमीले गर्दा २०७४ को पछिल्लो आन्दोलन धेरै कमजोर भै राजेन्द्र महतो पछिल्लो आन्दोलनमा जोगबनी नाकामा कुटाई नै नखाई घाइते भएको नौटंकी गरी "छदमभेसी क्रान्तिकारी" बनी वि.पि.को.स्वा.वि.प्र. धरानमा भर्ना भै हेलिकप्टर चार्टर गरी काठमाण्डौ हुदै दिल्ली मेदान्त अस्पताल पुगी त्यहाबाट सिधै बालुवाटार पुगी पुर्व प्रधानमन्त्री ओली सँग चाँजोपाँजो मिलाई जनकपुरमा निर्वाचन जितेका थिए । यिनको स्वास्थ्यको बारेमा मैले धरान वि.पि. मा महतोलाई भेट्न जादा मलाई देखेर महतो धेरै झस्कीएका थिए । यिनको उपचारमा लागेको डाक्टरहरु सँग मैले सबै कुरा थाहा पाई सकेको थिए । डाक्टरले धेरै कुरा महतोलाई मेरो अगाडि भनी दिएका थिए जुन कुरा महतोलाई अहिले पनि स्मरण नै होला । राजेन्द्र महतोले हाल समानुपातिक जनमत विक्री वितरण गर्न उमेदबारको रुपमा "माछा फसाउन" को लागी काठमाण्डौमा गोप्य छुट्टै कार्यालय पनि स्थापना गरेका रहेछन् । मत आउने माहोल छैन तर करोडौको ठगी गर्न आफ्नो भरौटे एजेन्टहरुलाई परिचालन गरी सकेका छन् ।

लक्ष्मणलाल कर्णको सन्दर्भमा गजेन्द्र बाबुको पालामा पार्टी विभाजन भै ने.स.पा. (आर) हुदा पार्टीको भातृ संगठन विद्यार्थी मञ्चको दोश्रो महाधिवेशन विरगंजमा म विभाजन गर्न पुगेको थिए । उद्घाटनको बेला त्यसै स्थानमा म सँग गजेन्द्र बाबुले पार्टी एकताको लागि आग्रह गरेका थिए भने गजेन्द्र बाबुको तर्फबाट अनिल कुमार झा अध्यक्ष पदको उमेदबार थिए भने बाबा रामजनम तिवारीको तर्फबाट मैले विकास तिवारीलाई उमेदबार बनाएको थिए । वन्दसत्रमा राती हामी सँग झडप भयो गजेन्द्र बाबुले मिलाउन वकिल लक्ष्मणलाल कर्णलाई पठाएका थिए । हामीले पार्टी हस्तक्षेप स्विकारेनौ । विकास तिवारी बिजयी भए । पछि (आर) को केन्द्रीय बैठकमा लक्ष्मणलाल कर्णलाई हामीले नस्विकारेको कुरा सुनेपछि बाबा रामजनम तिवारी धेरै खुसी हुदै म सँग भने लक्ष्मणलाल कर्ण कस्तो मान्छे हो तिमीलाई थाहा छ? भनी सोधेपछि मैले थाहा छैन भनेपछि सबैको समक्ष भनेका थिए । २०४० सालमा हर्क बहादुर गुरुङ्गको जनसंख्या प्रतिवेदन राजामा पेश भयो । हामी तिनै जनामा गोप्य सहमति भयो राजालाई विरोध पत्र पठाउने । मैले पत्र लेखे त्यसको साफी गर्न वकिल लक्ष्मणलाल कर्णलाई बोलाई हेर्न दिए हेरी सकेपछि उसले भन्यो म यो लेख्दिन "मेरो लाइसेन्स सिज हुन्छ" तपाईहरु सँग म पनि जेल जान्छु, मेरो श्रीमती नानीहरुको विजोग हुन्छ भनी उठेर हिडे । त्यसको १ घण्टा पछि सि.डी.यो. को विशेष प्रहरीको टोलीले मलाई गिरफ्तार गर्‍यो । त्यो विरोध पत्रको सम्बन्धमा मैले लक्ष्मणलाल कर्णको अलावा कसैलाई भनेको थिइन । पछि रिहा भएपछि मैले थाहा पाए सिडीयोलाई लक्ष्मणलाल कर्णले सुराखी गरेका रहेछन् । बाबा रामजनम तिवारी बाचुन्जेल सम्म लक्ष्मणलाल कर्णले कहिले पनि उनको अगाडि आउने साहस जुटाउन सकेनन । उपेन्द्र यादव कै आफन्तहरुबाट केही कुराहरु थाहा पाई पुर्व प्र.म. के.पि. ओलीले घोक्रेठ्याक लगाएर सत्ताबाट उपेन्द्र यादवलाई हटाएपछि उनका आफन्तहरुले मौका छोपी पुर्व प्र.म. ओलीमा विन्ती पत्र चढाए कोरोनाकालको बेलामा दल विभाजन सम्बन्धमा अध्यादेश ल्याई दिनु पर्‍यो हामीलाई मन्त्री बनाई दिनुस उपेन्द्र यादवले हामी सँग अन्याय गर्दैछन् भने पछि दल विभाजन सम्बन्धी अध्यादेश आएको हो ।

यिनीहरु एक्लै लड्ने हैसियत गुमाएर गठबन्धनको नाममा धोकाबन्धन, ठगबन्धनरुपी चुनावी तालमेल गर्दै हिडेका छन् । आफ्नो अस्तित्व बचाउनको लागी यिनको आ-आफ्नो स्वार्थको लागी हो भन्ने कुरा पछिल्लो गतिविधिबाट प्रमाणित भै सकेको छ । यिनीहरुले जनतालाई स्पष्ट के पार्नु पर्‍यो भने उपेन्द्र यादवले भनेको प्रतिगमनकारी भनी सकेका शक्ति सँग चुनावी तालमेल किन? गणतन्त्र विरोधी सँग तालमेल किन? २०७४ को निर्वाचन पूर्व मधेशको पक्षमा हुन गै रहेको संविधान संशोधन प्रस्तावबाट भाग्नेहरु सँग तालमेल किन? के का लागि जनता जान्न चाहान्छ । भने महन्थ ठाकुर राजेन्द्र महतो अनिल झा र लक्ष्मणलाल कर्णले उपेन्द्र यादवकै विचारमा विगतमा प्रतिगमनका मतियार बनेका हुन् । मधेशमा सबैले एउटा कुरा स्पष्ट रुपमा बुझ्नु पर्छ "मधेशी दलका प्रवृतिलाई समाप्त नगरी"साथै "शत्ता प्राप्तिको मोह परित्याग नगरे सम्म" मधेशी समुदायले केही पनि पाउने वाला छैन यो सत्यलाई सबैले स्विकार गर्नु पर्छ । अर्को विकल्प छैन ।

यसरी यिनले आफैले गरेको विश्लेषण सत्ता प्राप्तिको मोह र प्रतिगमन जस्ता अनेकौ विषयमा यिनले आफ्नो स्वार्थको लागि चरित्र परिवर्तन गरी निर्लज्जताको पराकाष्ठानै नाघिसकेका छन्। जुन एउटा विद्वान प्रोफेसर शिक्षकको लागि अनैतिक र आशोभनिय कार्य पनि हो । यस्ता प्रवृत्तिका व्यक्तिहरुले जनतामा पुनः उम्मेद्वारी दिई मतमाग्ने हक हुँदैन । किनभने यो निर्वाचन भनेको जनताहरुको हक र अधिकारको लागि संघर्ष गर्नको लागि हो । यो निर्वाचन भनेको लोकसेवा आयोगको जागिर खानको लागि यो भ्याकेन्सी होईन जसको लागि पटक-पटक प्रयास गर्ने यो त नसक्नेले छोड्दै जानुपर्छ भन्ने कुरा वहाँ आफैले पनि बुझनुपर्ने हो । हामीले प्रस्तुत गरेको मधेशी दलका नेता र सांसदहरुको सन्दर्भमा यिनीहरुको संसदमा प्रस्तुति, प्रदर्शनको साथै यिनका मधेश विरोधी चरित्रहरुले यहा प्रस्तुत तथ्यबाट यिनीहरुले मधेशी जनता सँग धोका दिएका छन् भन्ने कुरा प्रमाणित भएको छ ।

सत्ता पावर सेयरिङ्गको बार्गेनिङ्ग खेलले निम्ताएको र त्यस बाट भएको भष्ट्राचार र भष्ट्राचारीहरु माथि कारबाही किन नभएको? यसको जिम्मा राज्यले लिनु पर्छ । अख्तीयार दुरुपयोग अनुसन्धान आयोग किन मौन? सूचना, प्रमाण, वा कानुन के को अभाव हो? के मधेशी नेताका प्रवृत्तिहरुलाई कारबाही नगर्न नेपाल सरकारको दबाब हो? के नेपाल सरकारलाई यस्तो कारबाही रोक्न विदेशी शक्तिको निर्देशन हो?

अन्तमा हामीले जनसमक्ष प्रस्तुत गरेको सत्य,तथ्य कुराहरुको जनताबाट समीक्षा भइ यि प्रवृतिको डि.एन.ए परीक्षण गरी स्वविवेकको प्रयोग गरी मधेशी दलालहरु ज.स.पा. र लो.स.पा. लाई पराजित हुने गरी मधेशको विद्रोही स्वतन्त्र उम्मेदबारहरुलाई एवम् मधेशको विद्रोही संगठनहरुलाई मतदान गरि दिन आग्रह गर्दछौ । आगामी संसदमा विद्रोहीहरुको विचार पुर्‍याउने सांसद सहभागी भएर विचार प्रस्तुत भए संवादको सुरुवात हुन्छ नै ।

# पाकिस्तानी सीमामा भारतका सैन्य हवाई अड्डा

**बीबीसी**

डेढ साता अघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातमा पाकिस्तानको सीमा नजिकै 'डीसा' मा सैन्य हवाई अड्डाको शिलान्यास गरे जसलाई भारतको हवाई सुरक्षाको लागि महत्वपूर्ण कदमका रूपमा व्याख्या गरिएको छ।

नयाँ सैन्य हवाई अड्डा उत्तरी गुजरातको बनासकांठा जिल्लामा छ । यो अर्को वर्षको डिसेम्बर महिनासम्ममा पूर्ण रूपमा तयार हुने बताइएको छ । त्यसका लागि बजेटसम्म निर्धारण गरिसकिएको जनाइएको छ ।

प्रधानमन्त्री मोदीले उक्त सैन्य हवाई अड्डाको शिलान्यास गर्दै उक्त अड्डा भारतको सुरक्षाका लागि एउटा प्रभावकारी केन्द्रका रूपमा स्थापित हुने बताए ।

उनले भने, "अन्तर्राष्ट्रिय सीमा (पाकिस्तान) यहाँबाट जम्मा १३० किलोमिटर टाढा छ। यदि हाम्रो सेना त्यसमा पनि विशेष गरी वायु सेना डीसामा उपस्थित रह्यो भने हामी पश्चिमी सीमामा निम्तने कुनै पनि चुनौतीलाई बढी प्रभावकारी ढङ्गले जवाफ दिन सक्छौँ।"

रक्षा विश्लेषक राहुल वेदी भन्छन्, "यो हवाई अड्डा सुरक्षात्मक पहलका लागि बनाउन लागिएको हो। भारत पनि एकदमै हाबी छ र पछि हट्ने छैन भनेर देखाउने कोसिस सहित मोदी एउटा आक्रामक नीति लिएर अघि बढ्न खोजिरहेका छन्।"

उक्त हवाई अड्डा गुजरातमा बन्न लागेको पाँचौँ सैन्य हवाई अड्डा हो। उक्त राज्यमा वडोदरा, जामनगर, भुज र नलिया (कच्छ) मा भारतीय वायु सेनाका ठूला अड्डाहरू छन्। चीनको खतरा सामना गर्न भारतीय वायु सेना कुन हदसम्म तयार छ?

त्यसमध्ये कच्छ र भुजका हवाई अड्डाहरू डीसातर्फको पाकिस्तानको सीमा नजिकै अवस्थित छन्।

विश्लेषक वेदी पछिल्लो कदमले पाकिस्तानलाई विशेष प्रभाव नपर्ने ठान्छन्। तर उनले पाकिस्तानले आफ्ना पहिलेका हवाई अड्डाहरूको स्तरोन्नति गर्नसक्ने बताए।

डीसामा बन्ने सैन्य हवाई अड्डामा अत्याधुनिक प्रविधि र आर्टिफिशियल इन्टेलिजेन्सको प्रयोग गरिने बताइएको छ।

वायुसेनाको ४,५१९ एकड जमिनमा उक्त सैन्य अड्डा बनाइन लागिएको हो। त्यहाँ अहिले २० वटा निगरानी टावर बनिसकेका छन्। करिब २२ किलोमिटर लामो पर्खाल उक्त क्षेत्रमा बनाइएको छ।भारतीय वायु सेनाका अनुसार अहिले ऊसँग १,६४५ वटा विमान रहेका छन्।

रक्षा विश्लेषक राहुल वेदी भन्छन्, "अटल बिहारी वाजपेयीको समयमा नै यो योजना सुरु गर्नेबारे केही कुराकानी भएको थियो। तर यो परियोजना सुरु हुनुभन्दा पहिल्यै उनको सरकार हट्यो र त्यसको २० वर्ष पछिसम्म कुनै काम भएन।"



उनले थपे "मोदी जब दोस्रो पटक सत्तामा आए त्यसपछि एक वर्षअघि उनले यो सैन्य हवाई अड्डाका लागि १ हजार करोड भारतीय रुपियाँ बजेट निर्धारण गरे।"

वायु सेना स्रोतहरूका अनुसार यो हवाई अड्डालाई दुई चरणमा तयार गरिनेछ।पहिलो चरणमा युद्धक विमानका लागि रनवे, ट्याक्सी वे र फाइटर स्क्वाड्रन डिस्पर्सल एरिया लगायत बनाइनेछन्।

दोस्रो चरणमा आधुनिक प्राविधिक कन्ट्रोल भवन र वायु सेनाका कर्मचारीहरूका लागि आवास भवन निर्माण गरिनेछ।

यो परियोजनाका इन्जिनियर इन चिफ लेफ्टिनेन्ट जनरल हरपाल सिंहलाई उद्धृत गर्दै डिसेम्बर २०२३ सम्म परियोजना सम्पन्न भइसक्ने बताइएको छ।

विभिन्न स्रोतहरूले दिएको जानकारी अनुसार डीसा सैन्य हवाई अड्डाले गुजरातको भुज जिल्लामा अवस्थित नालिया र राजस्थानको फलोदी सैन्य हवाई अड्डाबीचमा रहेको रिक्ततालाई पूर्ति गर्ने भएकाले यो भौगोलिक कारणले पनि रणनीतिक महत्त्वको ठानिएको छ।

विशेषज्ञहरूका अनुसार डीसा एक 'फरवार्ड अपरेटिङ् बेस' हुनेछ र त्यसले पाकिस्तानको जैकबाबाद र उत्तरी इलाकाहरूमा रहेका सैन्य हवाई अड्डाबाट कुनै पनि हमला भएको खण्डमा पहिलो रक्षात्मक पर्खालको भूमिका खेल्न सक्नेछ।

मूठभेडको अवस्थामा हैदराबाद (पाकिस्तान), कराची र सक्खर जस्ता शहर उक्त अड्डाको दायरामा हुने बताइन्छ।

मिडियामा वायु सेनाका विशेषज्ञलाई उद्धृत गर्दै जनाइए अनुसार भविष्यमा गुजरात या उत्तर पश्चिम सेक्टर अर्थात् महराष्ट्र वा त्यो भन्दा पनि पर कुनै पनि ठूलो आतङ्कवादी हमला भएको खण्डमा त्यसमा पाकिस्तान विरुद्ध जवाफी कारबाहीका लागि समेत त्यसलाई प्रयोग गर्न सकिने जनाइएको छ ।

राहुल वेदी भन्छन्, "डीसाको सैन्य हवाई अड्डा आक्रमण गर्न प्रयोग गरिने भन्दा पनि रक्षात्मक अड्डा हुनेछ । त्यहाँ मिग-२९ र भारतमा बनाइएको तेजस बिमानलाई तैनाथ गरिनेछ । भारतको सबैभन्दा आक्रामक विमान राजस्थानको जोधपुर सैन्य हवाई अड्डामा राखिएको छ र त्यहाँबाट यहाँसम्म आइपुग्न पाँचदेखि ६ मिनेट लाग्छ ।"

**भारत**

गुजरातमा रहेका एक खर्ब डलर भन्दा अधिक लगानी भएका औद्योगिक क्षेत्रको सुरक्षाका लागि पनि यो सैनिक हवाई अड्डा महत्वपूर्ण हुने ठानिएको छ ।

राहुल वेदी भन्छन्, "डीसा बेस बनाउनुको एउटा महत्त्वपूर्ण कारण जामनगरको रिलायन्स तेल रिफाइनरीको सुरक्षा पनि हो। यो संसारकै सबैभन्दा ठूलो तेल रिफाइनरी उद्योग हो। यहाँ कुनै किसिमको हमला भयो भनेर त्यसबाट भारतलाई ठूलो समस्या पर्नसक्छ। त्यही भएर त्यसको सुरक्षाका लागि यो हवाई अड्डा महत्त्वपूर्ण छ ।"

**वायु सेना आधुनिकीकरण भारतको प्राथमिकतामा**

दुई वर्ष पहिला लद्दाखमा चीनसँग मुठभेडपछि भारतले आफ्नो वायु सेनाको आधुनिकीकरणलाई उच्च प्राथमिकतामा राखेको छ।भारतीय वायु सेनाको अधिकतम युद्धक विमान रुसबाट ल्याइएका हुन् ।

तीनमा मिग-२१, मिग-२९ जस्ता फौजी जहाज उल्लेखनीय छन् । विस्तारै यीनको ठाउँमा रफाल, मिराज, जगुआर र अरू नयाँ विमानहरू ल्याउने क्रम चलिरहेको छ ।

हालै भारतले आफ्नो देशमा निर्माण गरिएको लाईट कम्ब्याट फौजी जहाज 'तेजस' र 'प्रचंड' हेलिकोप्टरलाई आफ्नो वायुसेनामा सामेल गरेको थियो। भविष्यमा तीनको संख्या बढाउने उद्देश्य राखिएको छ ।


हाल भारतसँग ३१ वटा स्क्वाड्रन उपलब्ध छन्। अबको दश वर्षभित्र तीनको संख्या ४२ पुर्‍याउने लक्ष्य राखिएको छ। वायु सेनाको आधुनिकीकरणसँगै आउने वर्षहरूमा सैन्य हवाई अड्डा र नयाँ रनवेहरूसमेत निर्माण गर्ने लक्ष्य राखिएको छ ।

# यस्तो छ, प्रत्यक्ष र समानुपातिकका लागि मतपत्रको व्यवस्था

काठमाण्डु । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले प्रत्यक्षतर्फ सेतो पृष्ठभूमिमा रातो रङ र समानुपातिकतर्फ सेतो पृष्ठभूमिमा कालो निर्वाचन चिह्न भएको मतपत्रको प्रबन्ध गरेको छ ।

प्रत्यक्षतर्फ प्रत्येक निर्वाचन क्षेत्रमा कायम रहेका उम्मेदवार वा दलको निर्वाचन चिह्न मात्र रहेको मतपत्र हुनेछ । समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभाका लागि जम्मा ४७ वटा निर्वाचन चिह्न भएको मतपत्र प्रयोग हुनेछ । निर्वाचन आयोगमा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रतिनिधिसभामा सहभागी हुन निवेदन दिएका ६८ वटा दलमध्ये सबै प्रक्रिया पूरा गर्दा ४७ वटा मात्र कायम भएपछि निर्वाचन चिह्न त्यसैअनुसार तय भएको छ ।

समानुपातिक निर्वाचन प्रणालीमा सहभागी हुनका लागि निवेदन दिएकामध्ये नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल समाजवादी पार्टीले एउटै चुनाव चिह्न लिएका छन् । त्यस्तै नेपाल आमा पार्टी, नौलो जनवादी पार्टी, सचेत नेपाली पार्टी र नेपाल सुशासन पार्टीले पनि संयुक्तरुपमा एउटै चुनाव चिह्न लिएका छन् । त्यस्तै



सामाजिक एकता पार्टी, नेकपा समाजवादी र नेपाल दलित पार्टीले पनि साझा चुनाव चिह्न लिएका छन् । प्रतिनिधिसभामा समानुपातिकतर्फ एक सय १० सिट रहेको छ ।

प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेशअनुसार मतपत्रमा चुनाव चिह्नको सङ्ख्या फरक फरक पर्नेछ । कर्णाली र सुदूरपश्चिम प्रदेशमा दलले समानुपातिकतर्फको अन्तिम बन्दसूची बुझाएपछि मात्र मतपत्र छपाइ भएकाले यी दुई प्रदेशमा बन्दसूची बुझाउने दलको मात्र निर्वाचन चिह्न रहने भएको छ तर प्रदेश नं १, मधेस प्रदेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको समानुपातिकतर्फको मतपत्र बन्दसूची पेश गर्नुअघि नै छपाइ भइसकेको कारण निर्वाचनमा सहभागिताका लागि निवेदन दिएका दलको निर्वाचन चिह्नसमेत रहने भएको छ । प्रदेश नं १ मा ५५ वटा निर्वाचन चिह्न भएको मतपत्र हुनेछ ।

त्यस्तै मधेस प्रदेशमा ५९, बागमतीमा ५८, गण्डकीमा ५२ र लुम्बिनीमा ५४ वटा निर्वाचन चिह्न भएको मतपत्र प्रयोग हुने छ । कर्णाली प्रदेशमा २८ र सुदूरपश्चिम प्रदेशमा ३४ वटा निर्वाचन चिह्न भएको मतपत्र प्रयोग हुनेछ । प्रदेश नं १ मा बन्दसूची बुझाउने दल भने ३६ मात्र रहेका छन् । त्यस्तै मधेस प्रदेशमा ३६, बागमती प्रदेशमा ४०, गण्डकी प्रदेशमा ३१ र लुम्बिनी प्रदेशमा ३२ वटा दलले मात्र बन्दसूची पेश गरेका छन् । कर्णाली प्रदेशमा निर्वाचनमा सहभागिताका लागि निवेदन दिने दलको सङ्ख्या ४९ थियो । त्यस्तै सुदूरपश्चिममा ५० वटा दलले सहभागिताका लागि निवेदन दिएका थिए ।

प्रदेशसभामा प्रदेश नं १ बाट ३७ , मधेस प्रदेशमा ४३, बागमतीमा ४४, गण्डकीमा २४, लुम्बिनीमा ३५, कर्णालीमा १६ र सुदूरपश्चिममा २१ जना समानुपातिक निर्वाचन प्रणालीमार्फत सदस्य निर्वाचित हुनेछन् ।रासस

# 'ऊर्जा उत्पादनमा वृद्धि : राष्ट्रको आर्थिक समृद्धि'



काठमाण्डु। 'घरघरमा बिजुली-जनजनमा शेयर' भन्ने नीति लागू गर्दै आकर्षक प्रतिफल दिने जलविद्युत् परियोजनामा जनता र सरकारको संयुक्त लगानी प्रवर्द्धन गर्ने लक्ष्यसाथ नेकपा (एकीकृत समाजवादी) ले आज आफ्नो घोषणापत्र सार्वजनिक गरेको छ ।

सो पार्टीले 'ऊर्जा उत्पादनमा वृद्धि : राष्ट्रको आर्थिक समृद्धि' भन्ने नारासमेत तय गरेको छ । स्वदेश र प्रवासमा रहेका नेपाली नागरिक तथा गैरआवासीय नेपालीलाई प्रोत्साहित गर्ने र निरपेक्ष गरिबीको रेखामुनि रहेका व्यक्तिलाई पनि सेयर उपलब्ध गराउन विशेष वित्तीय व्यवस्था गर्न पहल गर्ने सो पार्टीले जनाएको छ ।

नेपालको पूर्ण क्षमताअनुसारको जलविद्युत् उत्पादन गर्न एवं मागबमोजिम ऊर्जा प्रवाह नियमित गर्न जलाशययुक्त बहुउद्देश्यीय ठूला आयोजना निर्माणलाई प्राथमिकता दिने भएको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेतृत्व गर्नुभएको सो पार्टीले बहुउद्देश्यीय आयोजना निर्माणका लागि सरकारी, सहकारी र निजी क्षेत्रलाई संलग्न गराउने, स्वदेशी लगानीमा निर्माण गर्न समय लाग्ने परियोजना राष्ट्रियहित अनुकूलहुने गरी अन्तर्राष्ट्रिय समुदायलाई पनि निर्माणको जिम्मा दिन सकिने गरी नीति बनाउने उल्लेख गरेको छ ।

विशेष आर्थिक क्षेत्र तथा उद्योग ग्रामका लागि 'डेडिकेटेड' विद्युत् लाइन जडान गर्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न राष्ट्रिय उद्योगलाई प्रोत्साहन गरी महशुलमा छुट दिने व्यवस्था मिलाउने नीति सो पार्टीले लिनेछ । तीनै तहको सरकारको सहकार्यमा हरेक घरपरिवारलाई मासिकरूपमा दुई सय युनिटसम्म विद्युत् महसुलमा छुट दिने तथा गरिबीको रेखामुनि रहेका परिवारलाई विद्युत् लाइन जडानमा सहुलियत दिन पहल गर्ने भएको छ ।

रोजगारीका लागि विदेशिएका युवालाई कृषि पेशामा आकर्षित गर्न रु १० लाखसम्म निर्व्याजी ऋण दिने व्यवस्था गरी 'विदेशिएका युवालाई स्वदेश फर्काऊ, कृषि उत्पादनमा वृद्धि गरौँ' अभियान नै सञ्चालन गर्ने एकीकृत समाजवादीको घोषणापत्रमा उल्लेख छ ।

किसानले उत्पादन गर्ने प्रमुख खाद्यबालीमा न्यूनतम समर्थन मूल्य तोकेर त्यसभन्दा कम बजार मूल्य भएमा सरकारले नै खरिद गर्ने व्यवस्था मिलाउने, रासायनिक मलप्रतिको निर्भरता हटाउँदै प्राकृतिक-जैविक मल उत्पादनतर्फ किसानलाई आकर्षित गराउने र बर्सेनि हुने मलको अभावलाई अन्त्य गर्नका लागि मल कारखाना स्थापनामा गर्ने सो पार्टीले जनाएको छ ।

भूमि बाँझो राख्न नपाउने, बाँझो जमिनमा खेती गर्ने किसानलाई उत्पादनका आधारमा अनुदान दिने, कृषियोग्य भूमिमा चक्लाबन्दी एवं गरा सुधार र सामूहिक एवं सहकारी खेतीमा जोड दिने कार्यक्रम लागू गरिनेछ ।द्द

युवा तथा महिला कृषकलाई आधारभूत आधुनिक कृषि शिक्षा, व्यावसायिक तालिम, सहुलियत सरल कर्जा प्रवाह व्यवस्था गर्ने, किसान र कृषि उद्यमीलाई कृषि बीमाका लागि आवश्यक रकम अनुदानमा दिने र नेपालको पानी नेपालमै' भन्ने अवधारणालाई सार्थकता दिन नेपालको पूर्वदेखि पश्चिमसम्मका सबै नदीलाई एक अर्कासँग जोडी 'पूर्वपश्चिम मेघा नहर' बनाउने कार्यक्रम समावेश गरिएको छ ।

सिँचाइ, कृषि सडक, खानेपानी तथा जलमार्ग र निश्चित स्थानमा पर्यटकीयस्थलको विकास गर्नेगरी राष्ट्रिय गौरवको आयोजना बनाउन पहल गर्ने विषयलाई घोषणापत्रमा समावेश गरिएको छ ।

तराई-मधेस र भित्री तराईको कृषिभूमि सिँचाइ गर्न तमोर-मोरङ, सुनकोसी-कमला र सुनकोसी-मरिन-वाग्मती, कालीगण्डकी-तिनाउ, राप्ती-सुराई, भेरी-बबई, पश्चिम सेती-कैलाली-पाण्डुन, शारदा नदीलगायतका डाइभर्सन योजना अगाडि बढाइने भएको छ ।

भौतिक पूर्वाधारको एकीकृत योजना नबनाउने, प्राथमिकता निर्धारण नगर्ने र एउटै आयोजनाका लागि बर्सेनि नाम मात्रको बजेट विनियोजन गर्ने, सडक कालोपत्र गर्ने पुनःअन्य परियोजनका लागि भत्काउने, सडक विस्तारका लागि पटकपटक भवन तथा पर्खाल भत्काउने जस्ता प्रवृत्तिले सीमित स्रोतसाधनको पनि व्यापक दुरूपयोग भइरहेको ठहर गर्दै सो पार्टीले त्यस्तो अस्तव्यस्तताको अन्त्य गर्दै एकीकृत तथा दीर्घकालीन योजना निर्णाण, कार्यान्वयन र अनुगमन प्रर्णाली विकास गर्ने भएको छ ।

विकास निर्माणका क्षेत्रमा भइरहेको अस्वस्थ प्रतिस्पर्धा र मिलोमतो ठेक्का लिन दिने कार्यलाई कानूनद्वारा नियन्त्रण गर्ने, निर्माण व्यवसायीले कामको ठेक्का लिने तर समयमा काम सम्पन्न नगर्ने, गुणस्तरीय कार्य नगर्नेजस्ता प्रवृत्तिलाई कडाइका साथ नियन्त्रण गर्ने एकीकृत समाजवादीको ठहर छ ।

विकासका परियोजनाबाट समयमै प्रतिफल प्राप्त गर्न राष्ट्रिय गौरवका योजनाका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने, गौरवका योजना निर्माण कुनै किसिमको व्यवधान नहुने कुराको सुनिश्चता प्रदान गर्न सरोकारबाला मन्त्रालयका सहसचिव रहने एक अधिकार प्राप्त पूर्णकालीन संयन्त्र स्थापना तथा सञ्चालन गर्न कानुन निर्माणका लागि पहल गर्ने सो पार्टीको घोषणापत्रमा उल्लेख छ ।रासस

# विकासका काममा भ्रम नछरौँ : उपाध्यक्ष पौडेल

बुटवल । पूर्वअर्थमन्त्री तथा नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विकासका काममा भ्रम नछर्न आग्रह गर्नुभएको छ ।

पूर्वाधार विकास योजनाका काममा जनतालाई भ्रममा पारेर राजनीति गर्न खोजिएको भन्दै उहाँले राजनीतिक स्वार्थ पूर्तिका लागि जनतालाई हरेक कुरामा आतङ्कित बनाउनु गलत भएको उल्लेख गर्नुभयो ।

बुटवल-११ युद्धनगरमा सोमबार तिनाउ-दानव करिडोरबारे छलफल गर्दै रुपन्देही क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार पौडेलले स्थानीयको उचित व्यवस्थापनपछि मात्रै काम अघि बढ्ने स्पष्ट पार्नुभयो ।

करिडोर निर्माणले नदी आसपासका बासिन्दा घरबारविहीन हुने भ्रम छरिएको भन्दै उहाँले विकासका नाममा कसैले पनि घरबारविहीन हुनु नपर्ने बताउनुभयो ।



एमाले उपाध्यक्ष पौडेलले तिनाउ नदी कटान रोकथाम तथा सुरक्षित बसोबासका लागि करिडोर निर्माणको काम अघि बढाइएकाले यहाँको बस्तीलाई व्यवस्थित गरी करिडोर क्षेत्रमा पर्ने घरपरिवारलाई व्यवस्थित ठाउँमा उनीहरुकै चाहनाअनुसार व्यवस्थापन गरेर मात्रै करिडोर निर्माण हुनेमा ढुक्क हुन आग्रह गर्नुभयो ।

कार्यकर्तासँगको छलफलमा एमाले पोलिटब्युरो सदस्य पूर्वमन्त्री तथा रुपन्देही क्षेत्र नं २ '१' बाट प्रदेशसभा सदस्यका उम्मेदवार लिला गिरीले बुटवलको योजनाबद्ध विकासका लागि विगतमा आफू सरकारमा हुँदा सुरु गरेका योजनालाई पूर्णता दिन बाँकी नै रहेको उल्लेख गर्नुभयो ।

उहाँले ती योजना पूरा भएमा यहाँको जनजीवनमा उल्लेख्य परिवर्तन आउने दाबी गर्नुभयो । यहाँको पर्यटकीय क्षेत्रको विकास, खेलकूद क्षेत्रमा पूर्वाधार निर्माण, प्राविधिक शिक्षामा लगानीलगायतका मुद्दा आफ्नो प्राथमिकतामा रहेको उहाँको भनाइ छ ।रासस

# निर्वाचनले देशमा परिर्वतन चाहने शक्तिको जीत हुने : अध्यक्ष ओली

दमक । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले नजिकिएको निर्वाचनले देशमा परिर्वतन चाहने शक्तिको जीत हुने बताउनुभएको छ । " देशलाई स्थिर र विकास गर्ने सक्षम सरकार चाहिएको छ, निर्वाचनमार्फत त्यो पूरा हुनेछ", झापा क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहनुभएका अध्यक्ष ओलीले आज बिहान आफ्नो निर्वाचन क्षेत्रमा पर्ने कमल गाउँपालिका-३ क्याम्पामा आयोजित चुनावी भेलालाई संवोधन गर्दै सो धारणा व्यक्त गर्नुभयो ।

उहाँले मङ्सिर ४ को आम निर्वाचनपछि देशमा एमाले नेतृत्वको सरकार बन्ने बताउनुभयो । अबको निर्वाचनपछि एमाले नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनता समाजवादी पार्टी ( जसपा) को सरकार बन्ने उहाँको दावी थियो । उहाँले आज नै शिवसताक्षीको माइधारमा आयोजित चुनावी अभिमुखीकरण कार्यक्रमलाई समेत सम्बोधन गर्नुभएको थियो ।रासस

# आर्थिक, सामाजिक र राजनीतिकक्षेत्रमा रुपान्तरणका लागि स्वर्णिम अवसर

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टीले आगामी निर्वाचन मुलुकको समग्र आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा व्यापक रुपान्तरणका लागि स्वर्णिम अवसरका रुपमा सदुपयोग गर्न मतदातालाई आह्वान गरेको छ ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन घोषणापत्र सोमबार जारी गर्दै पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले आफ्नो पार्टी सधैं प्रजातन्त्र र जनताको सर्वोच्चताप्रति प्रतिबद्ध रहिआएको बताउनुभयो ।

राप्रपाले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई आदर्श पुरुष मान्दै आएको छ । मुलुकको सर्वोपरि हितका पक्षमा उभिँदै बर्वादिको बाटोमा जानबाट जोगाउन आगामी निर्वाचनमा विवेकपूर्ण निर्णय लिन मतदातालाई सुझाव दिँदै राप्रपाले अबको गन्तव्य सबल र समुन्नत नेपाल निर्माण भएको उल्लेख गरेको छ ।

पुँजी निर्माण, दीगो विकास, निःशुल्क स्वास्थ्य र शिक्षा तथा सामाजिक न्याय र समतामूलक समृद्धिमा जोड दिँदै उक्त पार्टीले विसं २०८७ सम्ममा नेपाललाई मध्यमआयस्तर भएको मुलुकमा



रुपन्तरण गर्ने अठोट गरेको छ । अभिभावकीय संस्थाका रुपमा राजसंस्था, जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, पूर्ण समानुपातिक संसद्, बलियो स्थानीय तह, धर्मसापेक्ष हिन्दू राष्ट्रका पक्षमा सो पार्टीले वकालत गर्दै आएको छ ।

'बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं' भन्दै सुशासनका मुद्दालाई अघि बढाउने अठोट गरेको राप्रपाले सबैको मित्रता स्वीकार गर्ने तर हस्तक्षेप अस्वीकार्य हुने परराष्ट्र नीति अवलम्बन गर्ने जनाएको छ ।

पार्टीले सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गरेमा राप्रपाले समष्टिगत अर्थतन्त्र : समातामूलक समृद्धि, शिक्षा, स्वास्थ्य र न्याय निःशुल्क, समान, सुरक्षित जनजीवन, विकसित र स्थायी बसोबास, विदेशिएका युवालाई स्वदेशमै रोजगारी प्रदान गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

कृषकलाई सम्मान, उत्पादकत्व वृद्धि, पुँजी निर्माण, दिगो सिँचाइ प्रणाली र दीगो विकासका मुद्दालाई पनि उक्त पार्टीले सशक्तरुपमा अघि बढाउने प्रतिज्ञा गरेको छ ।

घोषणापत्रमा 'स्वच्छ पिउने पानी र सफा शौचालय-नागरिक अधिकार, 'दिगो पूर्वाधार निर्माण र समृद्धिको आधार, जलविद्युत्को विकास, पुँजीको निर्माण र आत्मनिर्भरता, एक पालिका एक खेल मैदान'लगायत विषय समेटिएका छन् ।

राप्रपाले भावी सन्ततिका लागि पर्यावरण जोगाऔं, नेपाल बन्द सधैंका लागि बन्द, आगामी दिनमा सीमा व्यवस्थापनका लागि पहल गर्ने तथा सत्ताकेन्द्रित राजनीति नगर्ने घोषणापत्रमा प्रतिबद्धता जारी गरेको छ ।रासस

# माओवादी केन्द्रको प्रतिबद्धतापत्र : ३० लाख विदेशी पर्यटक भित्र्याउने आधार तयार गर्ने लक्ष्य

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) ले मुलुकको आर्थिक समृद्धिको महत्पूर्ण आधार मानिने पर्यटन क्षेत्रको विकासका लागि नेपाल भ्रमण वर्ष घोषणा गरी ३० लाख विदेशी पर्यटक भित्रने आधार तयार गर्ने लक्ष्य लिएको छ । आगामी निर्वाचनका लागि पार्टीको चुनावी प्रतिबद्धतापत्र आज सार्वजनिक गर्दै माओवादी केन्द्रले कोभिड महामारीलगायतका प्रकोपका कारण स्थगित नेपाल भ्रमण वर्षलाई थप परिस्कृत र विकास गरी भ्रमण वर्ष कार्यक्रममार्फत ३० लाख पर्यटक भित्र्याउने आधार तयार गर्ने भएको हो ।

नेपालका पर्यटकीय गन्तव्यहरूको विश्वव्यापी प्रचारप्रसार र बजारीकरणका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ । नेपालका विदेशस्थित नियोगलाई वार्षिक लक्ष्य तोकी पर्यटन प्रवर्द्धनमा परिचालित गरिने छ । 'रोजगारी र समृद्धिको आधार, सबैका लागि पर्यटन' भन्ने नाराका साथ माओवादी केन्द्रले पर्यापर्यटन, सांस्कृतिक पर्यटन र साहसिक पर्यटनको प्रवर्द्धन गरी दीगो पर्यटनको आधार तयार गरिने प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ । उक्त प्रयोजनका निम्ति सम्बन्धित क्षेत्रअनुसारका पूर्वाधार र उपरी संरचना निर्माण गरिनेछ ।

भारतको राम जन्मभूमि र नेपालको जनकपुर, पशुपतिनाथ, स्वर्गद्वारी र हलेसीको हिन्दू सर्किटको भौतिक विकास र सुधार गरी विश्वभरिका हिन्दूहरूको धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गरिने प्रतिबद्धतापत्रमा भनिएको छ । त्यसैगरी नेपालको बुद्ध जन्मभूमि लुम्बिनीदेखि बुद्धको ज्ञान प्राप्ति भएको भारतको बोधगया र महापरिनिर्वाण भएका स्थानहरू जोड्ने बौद्ध सर्किटको प्रवर्द्धन गर्नुका साथै लुम्बिनीदेखि काठमाण्डुको फर्पिङ पद्मसम्भव गुफा, स्वयम्भू, बौद्ध र नमोबुद्ध जोड्ने बौद्ध सर्किटको विकास गरी विश्वभरिका बौद्धहरूको धामिर्क पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गरिनेछ ।

**माओवादी केन्द्रले चुनावी प्रतिबद्धतामार्फत हिमाल आरोहीहरूको वर्गीकरण गरी परिचयपत्र व्यवस्था मिलाइने जनाएको छ । हिमाल आरोही तथा पदयात्री पर्यटकको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था गरिनुका साथै आरोहणका लागि हाल प्रतिबन्धित रहेका हिमालको अध्ययन गरी आरोहण खुला गर्ने व्यवस्था गरिनेछ ।**

हरेक वर्ष बुद्धजयन्तीको दिन अन्तर्राष्ट्रिय बुद्ध महोत्सव आयोजना गरिने छ भने लुम्बिनीमा बुद्धमार्गीहरूको लागि अत्याधुनिक बर्थिङ सेन्टर स्थापना गरिने माओवादी केन्द्रले जनाएको छ । ताप्लेजुङदेखि दार्चुलासम्मको ग्रेट हिमालयन ट्रेल, धौलागिरि सेन्चुरीलगायत पदमार्गहरूमा पर्यटन पूर्वाधार निर्माण गरिनेछ । रुकुमको चुनवाङदेखि म्याग्दी बेनीसम्मको गुरिल्ला ट्रेललाई थप व्यवस्थित गरी युद्ध पर्यटनलाई प्रवर्द्धन गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ ।

नयाँ गन्तव्यहरूको पहिचान र विकास गरिनुका साथै स्थानीय तहहरूसँगको सहकार्यमा हरेक प्रमुख बस्तीहरूमा स्थानीय विशेषतासहितको होमस्टे कार्यक्रम सञ्चालन गरिनेछ ।

**हिमाल आरोहीलाई परिचयपत्र**

माओवादी केन्द्रले चुनावी प्रतिबद्धतामार्फत हिमाल आरोहीहरूको वर्गीकरण गरी परिचयपत्र व्यवस्था मिलाइने जनाएको छ । हिमाल आरोही तथा पदयात्री पर्यटकको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था गरिनुका साथै आरोहणका लागि हाल प्रतिबन्धित रहेका हिमालको अध्ययन गरी आरोहण खुला गर्ने व्यवस्था गरिनेछ ।

हिमालमा थुप्रिएको फोहर व्यवस्थापनका निम्ति 'फोहरमुक्त हिमाल' कार्यक्रम लागू गरिनेछ । पर्यटन क्षेत्र ऐन, २०३५ लगायत पर्यटन क्षेत्रका कानुनी तथा नीतिगत प्रावधानहरूलाई समयानुकूल परिमार्जन गरी पर्यटन क्षेत्रलाई व्यवस्थित, मर्यादित र प्रतिफलमुखी बनाउनतर्फ केन्द्रित गरिने प्रतिबद्धतापत्रमा समेटिएको छ ।

पर्यटन विश्वविद्यालय स्थापना गरी पर्यटनसम्बन्धी अध्यापन तथा प्रशिक्षणको व्यवस्था गरी हाल सञ्चालनमा रहेका विश्वविद्यालयमा पर्यटनसम्बन्धी विशिष्टिकृत विषय अध्यापनको व्यवस्था गरिने प्रतिबद्धता माओवादी केन्द्रको छ । नेपालको हवाइ यातायातलाई सुरक्षित बनाउन पूर्वाधार विकास, विमानस्थलको गुणस्तर वृद्धि, यान्त्रिक क्षमता विकासजस्ता कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने माओवादी केन्द्रले प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ ।

नेपालको हवाइ यातायातलाई असुरक्षित भनी सूचीकृत गरेका देश तथा एजेन्सीहरूसँग कूटनीतिक संवाद गरी सो सूचीबाट हटाइन, स्वरोजगारमुखी पर्यटन व्यवसायमा लाग्दै आएको करलाई सरलीकृत गरी एकद्वारा प्रणालीमा ल्याइ कर प्रणालीलाई व्यावहारिक र पर्यटनमैत्री बनाइनेछ ।रासस

# निर्वाचनपछि कांग्रेसको नेतृत्वमा गठबन्धनको सरकार : मन्त्री कार्की

इनरुवा । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले आसन्न निर्वाचनपछि कांग्रेसको नेतृत्वमा गठबन्धनको सरकार बन्ने बताउनुभएको छ ।

सुनसरीको बराह क्षेत्र नगरपालिकामा लोकतान्त्रिक वाम गठबन्धनले आइतबार आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले संविधानको रक्षा र परिवर्तनको उपलब्धिलाई संस्थागत गर्नका लागिसमेत निर्वाचनपछि कांग्रेसको नेतृत्वमा दुई तिहाइको गठबन्धनको सरकार बन्ने दाबी गर्नुभयो ।

सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री कार्कीले विभिन्न आन्दोलनबाट आएको परिवर्तनको उपलब्धि र संविधान विरोधीतत्वलाई परास्त गर्नकमा लागि सत्तारूढ गठबन्धनको निर्माण भएको र निर्वाचनपछि समेत कायम रहने स्पष्ठ पार्नुभयो ।

लोकतान्त्रिक वाम गठबन्धनको तर्फबाट प्रतिनिधिसभा सुनसरी क्षेत्र नम्बर ४ बाट उम्मेदवारसमेत रहनुभएका मन्त्री कार्कीले गरिबी निवारण तथा बेरोजगारी समस्यालाई समाधान गर्नका लागि निर्वाचनपछि निर्माण हुने सरकारले ध्यान केन्द्रित गर्ने उल्लेख गर्नुभयो ।

"विकास, जनताको आर्थिक समृद्धि, रोजगारी सिर्जनाका लागि आउने सरकारले योजनासहित अघि बढ्ने छ ।"उहाँले भन्नुभयो । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक देश भएको जनाउहुँदै सबैलाई सम्मान र सबै धर्म, भाषालाई सम्मान गर्ने जनप्रतिनिधि चयन गर्नका लागि उहाँले आग्रह गर्नुभयो । रासस



**मध्यपूर्व-हेब्रोन-संघर्षहरूः** वेस्ट बैंकको हेब्रोन सहरमा इजरायली सैनिकहरूसँग झडप हुँदा एक प्यालेस्टाइनी प्रदर्शनकारीले टायर जलाए। *तस्विर : सिन्ह्वा*

प्रधानमन्त्री कप

# पुलिसको लगातार दोस्रो जित

# गण्डकीले सुदूरपश्चिमलाई हरायो

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लबले लगातार दोस्रो खेलमा जित निकालेको छ।




सोमबार भएको खेलमा पुलिसले प्रदेश एकलाई सात विकेटले पराजित गर्‍यो। यसअघि पुलिसले बागमती प्रदेशलाई हराएको थियो।

समूह 'बी' अन्तर्गत मुलपानी भएको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको प्रदेश एक १०२ रनमै अलआउट भयो।

प्रदेश एकका ओपनरद्वय निरज मुखियाले २९ रन र अंकित सुवेदीले २४ रन जोडे। अरु ब्याट्सम्यान सस्तैमा आउट भए।

बलिङमा पुलिसका ललितनारायण राजवंशीले ५ विकेट लिए। उनले १० ओभरमा ३ मेडन राख्दा २६ रन खर्चिए। सागर ढकाल र दीपेन्द्रसिंह ऐरीले २-२ विकेट लिए।

१०३ रनको लक्ष्य पुलिसले ३ विकेटको क्षतिमा १४ ओभरमै पूर गर्‍यो। पुलिसका ओपनर सुनील धमला शून्यमा आउट भए भने कुशल भुर्तेलले २८ बलमा ५ चौका र ३ छक्का हिर्काउँदै ४२ रन जोडे।

शंकर रानाले २९ रन बटुल्दा कप्तान दीपेन्द्रले नटआउट १४ रन र रासिद खानले नटआउट १६ रन जोडे। बलिङमा प्रदेश एकका फिर्दोस अन्सारी र सिद्धान्त लोहनीले १-१ विकेट लिए।

यता समूह 'ए' अन्तर्गत कीर्तिपुर मैदानमा भएको खेलमा गण्डकीले सुदूरपश्चिमलाई ६९ रनले पराजित गर्‍यो।

टस जितेर पहिले ब्याटिङ गरेको गण्डकीले ८ विकेटको क्षतिमा २०८ रन जोड्यो। गण्डकीका लागि ओपनर अर्जुन कुमालले ६३ रन जोडे भने समीनर कँडेलले २६ रन र विधान श्रेष्ठले २५ रन बटुले। अभिषेक बस्नेतले पनि २५ रनको योगदान दिए।

बलिङमा सुदूरपश्चिमका कैलाश ऐर, नारायण जोशी र शेर मल्लले २-२ विकेट लिए। २०९ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिम ३२.४ ओभरमा १३९ रनमै अलआउट भयो।

उसका लागि गजेन्द्र बोहराले ३५ रन र मिलन बोहराले ५१ रन बटुले। बलिङमा गण्डकीका बिपिन खत्रीले ४ विकेट लिए। सुवास भण्डारीले अभिषेक बस्नेतले २-२ विकेट हात पारे।

# हलोविन भागदौडः एक सय चवन्न जनाको मृत्यु



**सिन्ह्वा**

सोल । भूत भगाउने मान्यताका साथ मनाइने पर्व हलोविनका क्रममा शनिवार राति यहाँ भागदौड मच्चिदा ज्यान गुमाउनेको सङ्ख्या एक सय ५४ पुगेको छ भने एक सय ४९ जना घाइते भएका छन् । घाइतेमध्ये ३३ जनाको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्या बढ्नसक्ने सुरक्षा अधिकारीहरूले बताएका छन् ।

गृह मन्त्रालयका अनुसार उक्त घटनामा २६ जना विदेशीको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन् ।

कोरियाली सरकारले शनिबारसम्म साताव्यापी राष्ट्रिय शोक घोषणा गरेको छ । राष्ट्रपति युन सुक येओले मृतकहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।

यसैबीच, कोरियाली प्रहरीले उक्त घटनाको अनुसन्धान थालेको छ । प्रहरीको एक सय ६१ सदस्यीय कार्यदल बनाएर अनुसन्धान थालिएको गृह मन्त्रालयले एक विज्ञप्ति निकालेर जनाएको छ ।

विशेषज्ञसहितको प्रहरी टोलीले भागदौड मच्चिएको स्थानमा जडित क्यामराले खिचेका दृश्य र सामाजिक सञ्जालमा सम्प्रेषण गरिएका भिडियोलाई विश्लेषण गरेर घटनाको छानबिन प्रारम्भ गरेको हो ।

भविष्यमा यस्ता घटना दोहोरिन नदिन आवश्यक व्यवस्थासहितको प्रणाली विकास गरिने प्रधानमन्त्री हान डकसुकले बताउनुभएको छ ।

# ब्राजिलको राष्ट्रपतिमा पूर्वराष्ट्रपति लुला निर्वाचित

**एपी**

साओ पाउलो । ब्राजिलका जनताले वर्तमान राष्ट्रपति जायर बोल्सोनारोलाई पराजित गर्दै नयाँ राष्ट्रपतिमा पूर्वराष्ट्रपति लुइज इनासियो लुला दा सिल्भालाई निर्वाचित गरेका छन् । देशको नयाँ राष्ट्रपतिमा निर्वाचित वामपन्थी नेता लुलाले ५०.९% र बोल्सोनारोले ४९.१% मत प्राप्त गरेका निर्वाचन आयोगले जनाएको छ ।



नवनिर्वाचित राष्ट्रपति लुलालाई विश्वका नेताहरूले बधाई दिएका छन्भने उहाँका प्रतिद्वन्द्वी बोल्सोनारोले सार्वजनिक रूपमा निर्वाचन स्वीकार गरिनसकेका नेता लुलाले बताउनुभएको छ । यहाँ भएको विजय जुलुसमा समर्थकहरूलाई सम्बोधन गर्दै राष्ट्रपति लुलाले उक्त जानकारी दिनुभएको हो ।

"आज एकमात्र विजेता ब्राजिलका जनता हुन्, राजनीतिक दल, व्यक्तिगत स्वार्थ र विचारधाराभन्दा माथि उठेर लोकतन्त्रको विजय होस् भन्ने हाम्रो चाहना नै लोकतान्त्रिक आन्दोलनको विजय हो," उहाँले आफ्नो जितको श्रेय जनतालाई दिँदै विजय जुलुसमा भन्नभयो ।

सन् २००३ देखि २०१० सम्म ब्राजिलको राष्ट्रपति रहेका लुला सन् २०१८ मा भ्रष्टाचारको आरोपमा जेल सजाय भएको थियो । साथै उहाँलाई राजनीतिमा सहभागी हुन प्रतिबन्ध लगाइएको थियो । पाँच सय दिनभन्दा बढी समय कारागारमा बिताएपछि अदातलले उहाँ रिहा गर्दै उहाँमाथि लगाइएको राजनीतिक प्रतिबन्ध पनि खारेज गरेको थियो ।

ब्राजिलमा सन् १९८५ मा लोकतन्त्र पुनः स्थापना भएपछि पदमा रहेका राष्ट्रपति निर्वाचनमा पहिलोपटक पराजित भएका हुन् । बीस लाखभन्दा मतले उनी पराजित भएका छन् । सन् २०१४ को राष्ट्रपतीय निर्वाचनमा विजयी उम्मेदवारले आफ्ना निकटतम प्रतिद्वन्द्वीकोभन्दा ३५ लाख भोट बढी ल्याएका थिए ।

# गुजरात पुल दुर्घटनाः एक सय ४१ जनाको मृत्यु

**एएनआई**

मोर्बी (गुजरात) । भारतको पश्चिमी राज्य गुजरातमा झोलुङ्गे पुल भत्किँदा कम्तीमा एक सय ४१ जनाको मृत्यु भएको छ । एक स्थानीय अधिकारीका अनुसार दुर्घटनामा ज्यान गुमाएकामा अधिकांश महिला, बालबालिका र वृद्ध छन् । दीपावली पर्व मनाउने क्रममा भीडले खचाखच मोरबीको पुल भाँच्चिएको थियो । हालसम्म एक सय ७३ जनाभन्दा बढीलाई उद्धार गरिएको छ । कैयौँ हराइरहेका छन् ।

बेलाइतको शासनकालमा १९ औँ शताब्दीमा बनेको उक्त पुल मर्मतसम्भारपछि गत सातादेखि सञ्चालन गरिएको थियो । गुजरातका गृहमन्त्रीले उक्त हताहतीबारे जानकारी दिँदै मृतकको सङ्ख्या बढ्नसक्ने बताएका छन् । उक्त दुर्घटनाबारे आपराधिक मुद्दा दर्ता गरिएको छ । राज्य सरकारका प्रहरी प्रमुखको नेतृत्वमा आजैदेखि अनुसन्धान पनि थालिएको छ ।

राष्ट्रिय आपत् एवम् राहत बल, वायु सेना, नौसेना, राष्ट्रिय एवम् राज्यका सुरक्षा निकायका दुई सयभन्दा बढीले खोज तथा उद्धारका काम रातभर च सञ्चालन गरेका थिए । चालीसभन्दा बढी चिकित्सक एवम् स्वास्थ्यकर्मीको टोली घटनास्थलमा आइपुगेको छ ।

यसैबीच, प्रधानमन्त्री नरेन्द्र मोदीले पुल भत्केर भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै राहत तथा उद्धारका काममा कुनै किसिमको ढिलासुस्ती नहुने बताउनुभएको छ । दुर्घटनामा ज्यान गुमाएकाहरूका परिवारप्रति समवेदना व्यक्त गर्दै उहाँले आफ्नो सरकार शोकाकुल परिवारका साथमा रहेको बताउनुभएको छ ।

# बङ्गलादेशमा कार्यालय समय पुनः आठ घण्टा बनाइयो

**सिन्ह्वा**

ढाका । बङ्गलादेश सरकारले विद्युत् अभावका कारण यसअघि गरिएको परिवर्तनपछि सोमबार पुनः नोभेम्बरदेखि कार्यालय समय परिवर्तन गरेको छ । प्रधानमन्त्री शेख हसिनाको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको मन्त्रीपरिषद्का सचिव खण्डकर अनवारुल इस्लामले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार यसअघि सरकारी कार्यालय र स्वायत्त संस्था बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म सात घण्टा चलाउँदै आइएका थियो



तर यसमा परिवर्तन गरी बिहान ९ बजेदेखि अपराह्न ४ बजेसम्म आठ कार्यालय समय तोकिएको छ । अधिकारीका अनुसार नयाँ कार्यतालिका नोभेम्बर १५ देखि लागू हुनेछ ।

सर्वोच्च अदालत, बंगलादेश बैंक र विद्यालय तथा कलेज प्रशासनले आ-आफ्नो कार्यतालिका तय गर्नसक्ने उहाँले बताउनुभयो । इन्धन अभावको सामना गरिरहेको बङ्गलादेशले विद्युत् बचत गर्न र ट्राफिक जाम कम गर्न गत अगष्टमा सरकारी कार्यालयको समय एक घण्टा घटाएको थियो ।

# दक्षिण कोरियाको विदेशी जनसंख्या घट्दो

**सिन्ह्वा**

सियोल । दक्षिण कोरियाको विदेश मन्त्रालयले सन् २०२१ मा लगातार दोस्रो वर्ष विदेशी जनसंख्या घटेको जनाएको छ ।

गृह तथा सुरक्षा मन्त्रालयका अनुसार सन् २०२१ को नोभेम्बर १ मा यहाँ विदेशी नागरिकको संख्या २१ लाख ३४ हजार ५६९ पुगेको छ । यो अघिल्लो वर्षको तुलनामा १.० प्रतिशतले कम हो ।

सन् २००६ मा तथ्याङ्क सङ्कलन गर्न थालिएयता सन् २०२० मा विदेशी जनसङ्ख्यामा पहिलो पटक गिरावट आएको र सन् २०२१ मा दोस्रो वर्ष घट्दो क्रममा रहेको मन्त्रालयले जनाएको छ ।

विदेशी कामदार, विद्यार्थी र विवाहित आप्रवासीसहित दक्षिण कोरियाली नागरिकता नभएका विदेशी नागरिकको सङ्ख्या गत वर्षको नोभेम्बर १ मा १६ लाख ४९ हजार ९६७ पुगेको थियो । यो सन् २०१९ को तुलनामा २.७ प्रतिशतले कम हो ।

उक्त अवधिमा अङ्गीकृत दक्षिण कोरियालीहरूको पढाइ ५.९ प्रतिशतले बढेर दुई लाख १० हजार ८८० पुगेको छ भने विदेशी नागरिकका छोराछोरीको सङ्ख्या ४.६ प्रतिशतले बढेर दुई लाख ७३हजार ७२२ पुगेको छ ।

राजधानी सियोल आसपासको ग्योन्गी प्रान्तमा गत वर्ष ७ लाख १४ हजार ४ सय ९७ विदेशी नागरिक बसोबास गरेका थिए । यो कूल संख्याको ३३ दशमलव ५ प्रतिशत हो । त्यसपछि धेरै विदेशीको बसोबास सियोलमा २० प्रतिशत र पश्चिमी बन्दरगाह शहर इन्चोनमा ६.३ प्रतिशत रहेको छ ।

# रूसी राष्ट्रपति पुटिन, प्रधानमन्त्री देउवाद्वारा दुःख व्यक्त

**एएनआई**

नयाँदिल्ली । आइतबार गुजरातमा पुल भाँच्चिएर धेरैको अमूल्य जीवनमा भएको क्षतिप्रति रूसी राष्ट्रपति भ्लादिभिर पुटिन, नेपालका प्रधानमन्त्री शेरबहादुर देउवालगायत विश्वका नेताहरूले गहिरो दुःख व्यक्त गर्नुभएको छ । साथै उहाँहरूले मोर्बी पुल दुर्घटनामा परी बहुमूल्य जीवन क्षति भएकामा हार्दिक समवेदना व्यक्त गर्नुभएको छ ।

राष्ट्रपति पुटिनले आफ्ना भारतीय समकक्षी द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीप्रति हार्दिक समवेदना व्यक्त गर्दै पीडितहरूका परिवारजनमा सहानुभूति प्रकट गर्नुभएको छ । उहाँले सबै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गर्नुभएको छ । प्रधानमन्त्री देउवाले उक्त घटनाबाट आफू स्तब्ध भएको बताउँदै दुर्घटनामा ज्यान

***दीपावली पर्व मनाउने क्रममा भीडले खचाखच मोरबीको पुल भाँच्चिएको थियो । हालसम्म एक सय ७३ जनाभन्दा बढीलाई उद्धार गरिएको छ । कैयौँ हराइरहेका छन् ।***

गुमाएकाहरूका परिवारजनका साथै भारत सरकार र त्यहाँका जनताप्रति समवेदना व्यक्त गर्नुभएको छ । उहाँले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गर्नुभएको छ ।

झोलुङ्गे पुल भत्किँदा कम्तीमा एक सय ४१ जनाको मृत्यु भएको छ । एक स्थानीय अधिकारीका अनुसार दुर्घटनामा ज्यान गुमाएकामा अधिकांश महिला, बालबालिका र वृद्ध छन् ।

दीपावली पर्व मनाउने क्रममा भीडले खचाखच मोरबीको पुल भाँच्चिएको थियो । हालसम्म एक सय ७३ जनाभन्दा बढीलाई उद्धार गरिएको छ । कैयौँ हराइरहेका छन् ।

# बुर्का नलाएका छात्रालाई क्याम्पस प्रवेशमा रोक

**एएनआई**

काबुल । अफगान महिलामाथि तालिबान प्रशासनले दमन जारी राखेको छ । उसले बुर्का नलाएका छात्रालाई क्याम्पस प्रवेशमा रोक लगाएको छ ।

उत्तरपूर्वी अफगानिस्तानको बदख्सान विश्वविद्यालयमा आइतबार एक जना छात्रालाई बुर्का नलगाएको भन्दै क्याम्पसमा प्रवेश गर्न दिइएन । ती छात्रालाई क्याम्पसको प्रवेशद्वार बाहिर बस्न बाध्य पारिएको खामा प्रेसले जनाएको छ ।

तालिबानले महिलाको आवागमन, अभिव्यक्ति, काम गर्ने अवसर र कपडा लगाउने नैसर्गिक स्वतन्त्रतामा धावा बोल्दै आधारभूत अधिकारमाथि प्रतिबन्ध लगाएको छ ।

तालिबानले युद्धबाट तहसनहस भएको अफगानिस्तानको शासनसत्ता आफ्नो नियन्त्रणमा लिएपछि छैटौं कक्षादेखि छात्राहरूलाई विद्यालय जानबाट पनि रोक लगाएको छ ।

गत वर्ष तालिबान सत्तामा फर्किएपछि अफगानिस्तानमा मानवअधिकारको अवस्था बिग्रिएको छ भने विशेष गरी महिला र अल्पसङ्ख्यकविरुद्ध गम्भीर मानवअधिकार उल्लङ्घनका गतिविधि जारी छन् । यसैबीच ह्युमन राइट्स वाचले तालिवानको क्रुर व्यवहारको आलोचना गरेको छ । उसले विरोधप्रदर्शनमा उत्रनेलाई पिट्ने, अवरोध पुर्‍याउने, समाचार सङ्कलनमा जुटेका पत्रकारलाई हिरासतमा लिने र यातना दिनेलगायत अपमानजनक एवम् मानवअधिकारविरुद्ध गतिविधि गरिरहेको जनाएको छ ।

**ह्युमन राइट्स वाचले तालिवानको क्रुर व्यवहारको आलोचना गरेको छ । उसले विरोधप्रदर्शनमा उत्रनेलाई पिट्ने, अवरोध पुर्‍याउने, समाचार सङ्कलनमा जुटेका पत्रकारलाई हिरासतमा लिने र यातना दिनेलगायत अपमानजनक एवम् मानवअधिकारविरुद्ध गतिविधि गरिरहेको जनाएको छ ।**

# फिलिपिन्स आँधीः अन्ठानब्बे जनाको मृत्यु

**एएनआई**

मनिला । फिलिपिन्समा पाएङ नामक शक्तिशाली आँधीका कारण मृत्यु हुनेको सङ्ख्या ९८ पुगेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्का अनुसार आँधीमा परी ६९ जना घाइते भएका छन् भने ६३ जना बेपत्ता भएका छन् ।

आँधीका कारण राजधानी मेट्रो मनिलासहित १७ क्षेत्रका ३१,९४२ गाउँका १८ लाख १२ हजार सात सय ४० जना प्रभावित भएका मनिला टाइम्सले जनाएको छ । कम्तीमा एक लाख १३ हजार चार सय आठ हेक्टर कृषि क्षेत्र प्रभावित भएको छ भने ११ हजार ७६१ मेट्रिक टन उत्पादनमा नोक्सानी भएको छ ।

आठ हजार छ सय आठ किसान र माछुवारा प्रभावित भएका छन् । मिमारोपा, विकोल क्षेत्र, पश्चिमी भिसायास, जाम्बोनागा प्रायद्वीप, दक्षिणी कोटाबाटो, सुल्तान कुदारत, साराङ्गानी र सान्तोस शहर अधिक प्रभावित भएका छन् । यी स्थानका धान, मकैका साथै अन्य बालीमा क्षति भएको छ ।

# चितवनमा यस वर्ष धान उत्पादन बढ्ने

भरतपुर । चितवनमा यसवर्ष धान उत्पादन वृद्धि हुने अनुमान गरिएको छ। कृषि ज्ञान केन्द्र चितवनका अनुसार गत वर्ष धानको औसत उत्पादकत्व ४ मेट्रिक टन प्रति हेक्टर रहेकोमा यस वर्ष सोभन्दा बढी हुने अनुमान गरिएको छ।

केन्द्रका प्रमुख युवराज पाण्डेले यसबर्ष रोगव्यादीको प्रकोप कम भएको र पानीले पनि कम नोक्सान गरेका कारण उत्पादन बढ्ने अनुमान गरिएको बताउनुभयो।

"सरकारले समयमा रासायनिक मल दिन नसके पनि किसानहरुले भारतसँगको खुला सिमानाका कारण विभिन्न माध्यामबाट मल ल्याउनुभयो", उहाँले भन्नुभयो, "हाम्रो स्थलगत निरीक्षणमा पनि उत्पादन राम्रो देखिएको छ । चितवनमा गत वर्षको तुलनामा यस वर्ष धानको उत्पादन बढ्छ। चितवनलाई धान उत्पादनको भण्डार मानिन्छ । यहाँका अधिकांश किसानले यस वर्ष सावित्री, राम धान (वार) र सावा धान लगाएका छन्।

चितवनको इच्छाकामना गाउँपालिका बाहेकका सबै स्थानीय तहमा धानको उत्पादन राम्रो छ । पूर्वी चितवनको पिप्ले, कठार, कुमरोज, भण्डारा, बछौलीलगायतका क्षेत्रमा बढी धान उत्पादन हुनेमा पर्छन् । चितवनको पश्चिमी क्षेत्र शिवनगर, गीतानगर, जगतपुर, मेघौलीलगायतका क्षेत्रमा पनि पर्याप्त धान उत्पादन हुँदै आएको छ। यस्तै माडी क्षेत्रमा पनि धान उत्पादन राम्रो हुने गरेको छ।

चितवनमा यस वर्ष मात्रै एक हजार चार सय हेक्टर जग्गामा डिप र स्यालो ट्युबेलमार्फत् सिँचाइ उपलब्ध गराइएको थियो । चितवन भूमिगत जल संयोजनात्मक जल सिँचाइ आयोजना स्थापना भएको झण्डै दुई वर्षमा १४ सय हेक्टरमा सिँचाइ उपलब्ध गराइएको हो।

आयोजना प्रमुख देवकुमार स्याङबोका अनुसार जिल्लामा सिँचाइका लागि ५७ वटा डिप ट्युबेल र एक सय १० वटा स्यालो ट्युबेल जडान गरिएको छ। यी क्षेत्रमा अहिले बाह्रै महिना सिँचाइको सुविधा उपलब्ध भएको उहाँले बताउनुभयो।

चितवनमा ३० हजार पाँच सय हेक्टरमा धान खेती गरिएको छ। जसमध्ये २२ हजार नौ सय २७ हेक्टरमा बर्खे धान र सात हजार पाँच सय ७३ हेक्टरमा चैते धान लगाउने गरिएको छ। चैते धान पाँच दशमलव दुई मेट्रिकटन प्रतिहेक्टर उत्पादन हुने गरेको छ भने तीन दशमलव ७९ मेट्रिकटन प्रतिहेक्टर बर्खे धान उत्पादन हुने गरेको छ। चितवनमा १९ प्रतिशत जमिनमा मात्रै खेती हुने गरेको छ।

पश्चिम चितवनको चनौलीका किसान सोमप्रसाद चालिसेले यस वर्ष समयमै मल नपाए पनि राम्रो धान फलेको बताउनुभयो। उहाँले एक विघा क्षेत्रफलमा फलेको धान दुई दिन लगाएर काटिसक्नु भएको छ भने अब धान उठाउने र थ्रेसर लगाउने तयारीमा हुनुहुन्छ।

भरतपुर महानगरपालिका ११ का किसान गंगाप्रसाद आचार्यले गत वर्षभन्दा यस वर्ष खेतमा राम्रो धान फलेको बताउनुभयो। रासस

# धानबालीमा समस्या, उत्पादन घट्ने किसानलाई चिन्ता


रामपुर (पाल्पा) । दुई दशकको समय धानखेतीमा बिताउनुभएका ज्यामबहादुर राना अहिले भने धानबालीबाट सन्तुष्ट हुनुहुन्न । रामपुर नगरपालिका कृषि शाखामा माग गरेबमोजिम १८ किलो सावित्री जातको धान करिब चार रोपनी जग्गामा लगाउनुभएका उहाँ सबै धानमा रोग लागेपछि चिन्तित हुनुहुन्छ।

घर अगाडिको खेतमा लगाएको धानबाली बोटमै सुकेर नोक्सान हुँदा रामपुर नगरपालिका-५ स्थित भम्बक निवासी राना वर्षभरि के खाने भन्ने चिन्तामा हुनुहुन्छ। "लामो समय देखि धान लगाउँदै आएको हो, मलजल पनि राम्रै दिइएको भएपनि यो वर्ष धान राम्रो फलेन, परिवार कसरी धान्ने हो ? उहाँले भन्नुभयो, "केही फलेका बोट पनि सुक्दै गयो, यस्तो समस्या जीवनमा पहिलो पटक भोग्नुपरेको छ।"

चार रोपनी जग्गामा राम्रो फल्दा २० मुरीसम्म उत्पादन लिने उहाँ यसपटक आधा पनि उत्पादन लिन हम्मेहम्मे पर्ने राना बताउनुहुन्छ । खेतमा लगाइएका धानबाली पसाउन भन्दाअघिदेखि बोट पहेँलै भएर सुक्दै जाने समस्या विस्तारै खेतभरि लगाइएका धानमा फैलिँदै जाँदा बाला नै निस्कन नसकेको उहाँको गुनासो छ । सो विषयमा कृषि प्राविधिकसमक्ष क्षतिपूर्तिका लागि जानकारी गराएको रानाले बताउनुभयो।

अम्बिका डोटेलले कृषि शाखा रामपुरबाट ल्याइएको धानको बीउमा समस्या देखिएको बताउनुहुन्छ । उहाँले राम्रो बीउ पाइन्छ भन्ने आशाले शाखामा नाम टिपोट गरी ल्याइएको बीउ नै खराबीका कारण समस्या देखिएको बताउनुभयो। "धान स्याहार्नै नपाइने गरी बिग्रेको छ, धान कुहिने सुइरा मर्ने, भित्रभित्रै रातै हुने, डढ्ने जस्ता समस्या देखिएपछि महँगो मूल्य तिरेर रासायनिक मल प्रयोग गरियो, बाला लागे पनि दाना पोटिला छैन, कुनै बालामा कालो दाग लागेको अवस्था, किसान पनि बाँच्नुपर्‍यो, क्षतिपूर्ति हामीलाई चाहियो, मलजल, श्रम सबै खेर जाने भयो", उहाँले भन्नुभयो।

यस्तो समस्या रामपुरका विभिन्न ठाउँमा लगाइएका धानबालीमा देखिएको किसानले बताएका छन् । केही किसानले बीउकै खराबीले समस्या भएको दाबी गर्छन् । सोही ठाउँकै हरिमाया गौतमले रामपुर नगरपालिकाबाट ल्याइएको बीउमा रोग लागेपछि ठूलो नोक्सानी परेको



गुनासो सुनाउनुभयो । करिब ९० मुरी धानको उत्पादन लिने उहाँ यस पटक दश मुरी धान उत्पादन लिन पाइएला या नपाइएला भन्ने दोधारमा हुनुहुन्छ ।

बालामा दाना राम्रोसँग पनि लागेको छैन भने केही बाला लागेका धान पनि सुकेर नोक्सान पुगेको छ । गौतमले सावित्री जातको दुई बोरा धान रामपुर नगरपालिकाबाट वितरित धान ल्याउनुभएको हो । सो बीउ लगाएका खेतभरि नै समस्या देखिएपछि सम्बन्धित निकायले क्षतिपूर्ति दिलाउनुपर्ने उहाँको माग छ। "धान खेती गरेरै बुढ्यौलीपन लाग्यो, कहिलेकाहीँ मौसम अनुकूल नहुँदा सामान्य रोग किराको समस्या देखिए पनि अहिलजस्तो खेतभरि नै लगाएको धान नै बिग्रने गरी समस्या जीवनमा कहिल्यै भोग्नु परेन, धान लगाउँदा लागेको ट्याक्टर भाडा, मल, गोडमेल गर्दा लगाइएको खेताला सबै खर्च यो वर्ष नउठ्ने हुदा हामी किसान मारमा परियो", उहाँले गुनासो पोख्नुभयो ।

धान पसाउने बेलामा परेको निरन्तर अबिरल वर्षाले क्षति पुर्‍याएपछि यसवर्ष धान उत्पादनमा कमी आउने देखिएको छ। वर्ष दिन खाने अन्नबाली राम्रोसँग स्याहार्न नपाउँदा कसरी पेट पाल्ने समस्या उत्तिकै छ । किसानले माग गरेअनुसार रामपुर नगरपालिकाले बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र हरिहर भवन ललितपुरबाट तोकिएको धान बीउ स्रोत केन्द्रबाट बीउ ल्याएर रामपुरका किसानलाई वितरण गरिएको हो।

रौतहट चन्द्रपुरस्थित प्रतीक कृषि तथा बीउबिजन सहकारी संस्थाबाट २० हजार ९२० किलो सावित्री, चितवनको किसान मातृभूमि कृषि कम्पनी प्रालिमार्फत चार हजार ५८० किलो ल्याइएको सावाँ मन्सुली जातको धानको बीउ किसानको मागको आधारमा रामपुरमा वितरण गरियो। बीउमा समस्या नभई धानबालीमा फड्के किराको प्रकोपका कारण यसपटक समस्या देखिएको रामपुर नगरपालिका कृषि शाखा प्रमुख रामहरि पाण्डेयले बताउनुभयो । "किसानको खेतबारीमा स्थलगत निरीक्षण गर्दा बीउमा समस्या देखिदैन, फड्के किराले धानको फेदबाट बालासम्म चुसेर सबै हरियो भाग खाइदिँदा यस्तो समस्या देखिएको हो, वर्षा धेरै भएकाले अहिले धानबालीमा रोग किराको समस्या निम्तियो", शाखा प्रमुख पाण्डेयले भन्नुभयो।

समस्या लिएर आउने किसानलाई स्थलगत बाली निरीक्षणपश्चात नगरपालिकाले निःशुल्क विषादी पनि वितरण गरेको उहाँको भनाइ छ। यसवर्ष रामपुरमा मात्र नभई अन्य छिमेकी पालिकामा पनि विभिन्न रोग किराको प्रकोपले धानमा असर पुगेको कृषि प्राविधिकहरु बताउँछन्।

रम्भा गाउँपालिका-१ सगाहाका रमेश रानाभाटलाई धान कम फलेपछि वर्ष दिनको गुजारा कसरी चलाउने चिन्ताले सताएको छ। फड्के किराले सखापै पार्ने गरी धानबालीलाई सतायो । दुःखँग लगाइएको धान भकारी भरेर वर्षदिनलाई परिवार पालौला भन्ने आशामा रहनुभएका उहाँ बाली भित्र् याउनै नपर्ने गरी रोग लागेर धानमा असर पारेपछि चिन्तित हुनुहुन्छ । "परिवारको आयस्रोत केही छैन, धान लगाएर वर्ष दिन जिविका धान्ने हो, बीउ राखेदेखि गोडमेल गर्दासम्म धेरै दुःख गरियो", उहाँले भावुक हुँदै भन्नुभयो।

वर्षा सकिएपछि काटेको धान बालीमा पनि प्रकोप फैलिँदा स्याहार्नै नपर्ने अवस्था भएपछि खेतमै पाँजासहित आगोमा जलाएर नष्ट गर्नु परेको उहाँ बताउनुहुन्छ। करिब छ रोपनी क्षेत्रफलमा लगाइएको धान राम्रै फले पनि स्याहार्ने बेला रोगले सताउँदा ठूलो समस्या थपिएको छ।

पाँच जनाको परिवारलाई वर्ष दिन खान पुग्ने सो जग्गामा लगाइएको धान यसपटक नोक्सान हुँदा परिवार कसरी पालिने भन्ने चिन्ताले उहाँलाई रातदिन सताएको छ। गतवर्ष काटेको धान वर्षाले डुबानमा परी ठूलै नोक्सानी उहाँले बेहोर्नुपर्‍यो । क्षतिपूर्तिका लागि रम्भा गाउँपालिकाले विवरण सङ्कलन गरेता पनि पहुँचवालालाई नै वितरण गरेर आफूलाई विभेद गरेको उहाँको गुनासो छ।

सगाहाको नौसय मुरी खेतभरि नै महामारीको रुपमा किराले सताउँदा यो वर्ष धानको उत्पादन घट्ने अगुवा कृषक ऋषिराम अर्याल बताउनुहन्छ। उहाँका अनुसार गतवर्ष यस क्षेत्रमा फ्याट्टफुट्ट रुपमा देखिदा खासै धानमा असर परेन तर यसपटक ठूलै क्षति हुने गरी फैलिएको छ। आफूले लामो समय देखि धान लगाउँदै आएको भएपनि यसपटक जस्तो महामारीको रुपमा फड्के किराको प्रकोप विगतका वर्षमा नरहेको अर्यालको भनाइ छ।

पाल्पाको रामपुर, माडीफाँट, हुँगी, अगाहाखोलालगायतका क्षेत्रमा धानबालीमा विभिन्न समस्या देखिएको छ। ठूलै समस्या देखिएको ठाउँमा स्थलगत निरिक्षण गरी आकस्मिक बाली उपचार सेवा दिइएको कृषि ज्ञान केन्द्र पाल्पाका प्रमुख कामना अधिकारी बताउनुहुन्छ। रोग किराको पहिचान गरी कार्यालयबाट किसानलाई विषादी उपलब्ध तथा प्राविधिक सेवा दिइएको उहाँले बताउनुभयो। उहाँका अनुसार गत असोजको अन्तातिर परेको अबिरल वर्षाले धानमा रोगको समस्या देखिएको हो ।रासस

# तीन महिनामा रु तीन अर्बभन्दा धेरैको फलफूल आयात



काठमाण्डु । नेपालको उत्तरी हिमाली क्षेत्रका विभिन्न स्थानमा स्याउ फल्छन्। हावापानी पनि रसिलो स्याउ फल्ने खालकै छ । मनाङ, मुस्ताङ, जुम्ला, मुगुलगायतका जिल्लाका किसानले उत्पादन गरेको स्याउले बजार पाउन सकेको छैन।

बजार पुगेको भए पनि सस्तोमा बिक्री गर्न बाध्य छन् उत्पादक । देशभित्रै फलाउन सकिने र राम्रो बजार पाउने रसिलो, स्वादिलो स्याउ फलाउने जनशक्ति रोजगारीको खोजीमा विदेशिएको छ।

सरकारी निकायले पनि यसमा विशेष ध्यान दिन नसक्दा स्याउमा मुलुक आत्मनिर्भर बन्न सकेको छैन । देशभित्रै अर्बौं मूल्य बराबरको स्याउ फलाउने र विदेशसमेत बिक्री गर्न सकिने अपार सम्भावना रहेको भए पनि तारतम्य भने मिल्न सकेको छैन।

भन्सार विभागले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार नेपालीले स्याउ आयातका लागि मात्रै रु दुई अर्बभन्दा बढी खर्च गरेका छन् । विभागका अनुसार चालू आवको असोज मसान्तसम्म रु दुई अर्ब २४ करोड ९६ लाख ३९ हजार मूल्य बराबरको तीन करोड चार लाख ४७ हजार केजी स्याउ आयात भएको छ। त्यसबाट सरकारले रु २८ करोड पाँच लाख ८५ हजार बराबरको राजस्वसमेत सङ्कलन गरेको छ।

उत्तरी नाका बन्द हुँदा त्यस अवधिमा भारतबाट सबैभन्दा धेरै स्याउ भित्रिएको विवरणमा उल्लेख छ। भारतबाट मात्र रु एक अर्ब ४९ करोड २४ लाख ४९ हजार मूल्य बराबरको स्याउ आयात भएको छ। त्यस्तै चीनबाट रु ७५ करोड ७१ लाख ८९ हजार मूल्यमा ७८ लाख ६८ हजार सात सय ९८ केजी स्याउ आयात भएको छ।

विभागको विवरणानुसार नेपालमै उत्पादन गर्न सकिने कृषिउपज, फलफूलसमेत अत्यधिक आयात भइरहेका छन्। चालू आर्थिक वर्षको पहिलो तीन महिनामा देशमा रु तीन अर्बभन्दा बढी रकमका ताजा तथा सुकेका फलफूल आयात भएको विभागले गरेको छ । चालू आवको असोज मसान्तसम्म भारतबाट मात्रै कूल एक करोड १३ लाख सात हजार चार सय ४६ केजी केरा आयात भएको देखिन्छ। त्यसबाट सरकारले रु सात करोड दुई लाख २३ हजार राजस्व सङ्कलन गरेको छ।

विवरणानुसार सुन्तलाको आयात पनि उस्तै छ। तीन महिनाको अवधिमा मात्रै रु १४ करोड ८७ लाख ९२ हजार बराबरको २२ लाख १९ हजार चार सय ५७ केजी सुन्तला आयात भएको छ । त्यस्तै असोज मसान्तसम्म रु ११ करोड आठ लाख १४ हजार मूल्य

> **पछिल्लो तीन महिनामा रु दुई करोड ९१ लाख ७१ हजारको किबी, रु एक करोड ४९ लाख आठ हजार मूल्य बराबरको एभोगाडो आयात भएको देखिन्छ । यस अवधिमा अम्बा, आँपलगायतको आयातमा रु १८ करोड ७४ लाख बाहिर गएको छ ।**

सार्वजनिक गरेको विवरणमा उल्लेख छ।

यस्तै चालू आवको असोज मसान्तसम्म रु २९ करोड ७६ लाख ५६ हजारका २८ लाख ७१ हजार एक सय ७६ केजी ताजा अनार आयात भएको देखिन्छ । त्यसबाट सरकारले रु तीन करोड ७२ लाख ६९ हजार राजस्व सङ्कलन गरेको छ।

### केरा आयातमा १६ करोड बाहिरियो

नेपालीले तीन महिनाको अवधिमा रु १६ करोड २३ लाख ५९ हजार बराबरको केरा आयात बराबरको खरबुजा, रु १० करोड ८० लाख १५ हजार बराबरको मेवा आयात भएको तथ्याङ्कमा छ।

पछिल्लो तीन महिनामा रु दुई करोड ९१ लाख ७१ हजारको किबी, रु एक करोड ४९ लाख आठ हजार मूल्य बराबरको एभोगाडो आयात भएको देखिन्छ । यस अवधिमा अम्बा, आँपलगायतको आयातमा रु १८ करोड ७४ लाख बाहिर गएको छ । त्यस्तै नास्पाती भुइँकटहरलगायत फलफूल आयातमा करोडौं रकम बाहिरिएको विवरणमा उल्लेख छ ।रासस

# तीन महिनामा 'निफ्रा'को नाफा रु ३७ करोड ८६ लाख

काठमाण्डु । नेपाल इन्फ्रास्ट्रक्चर बैंक 'निफ्रा' ले चालू आर्थिक वर्षको पहिलो तीन महिनामा ३७ करोड ८६ लाख ७९ हजार नाफा आर्जन गरेको छ। बैंकले प्रकाशित गरेको तीन महिनाको अपरिष्कृत वित्तीय विवरण अनुसार यो गत आवको सोही अवधिको तुलनामा ५६ दशमवल ४६ प्रतिशतले बढी हो। बैंकले गत आवको सोही अवधिमा २४ करोड २० लाख २७ हजार नाफा कमाएको थियो।

निफ्राको नियामकीय समायोजन (रेगुलेटरी एड् जस्टमेन्ट) पछिको नाफा भने रु २९ करोड ८५ लाख ७७ हजार छ। जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५६ दशमलव ५८ प्रतिशत अर्थात् रु १० करोड ७९ लाखले बढी हो।

पूर्वाधारमा लगानी गर्ने उद्देश्यले स्थापित बैंकले समीक्षा अवधिमा रु ६५ करोड ५७ लाख खुद ब्याज आम्दानी गरेको छ। समीक्षा अवधिमा बैंकसँग नगद वा नगदसरहको सम्पत्ति रु तीन अर्ब ७९ करोड ५८ लाख १२ हजार छ भने नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रु ३८ करोड ९० लाख ८५ हजार छ।

त्यस्तै निफ्राले आफ्ना ग्राहकलाई दिएको कर्जा तथा सापटी रु १७ अर्ब ८१ करोड छ लाख १३ हजार छ। बैंकको चुक्ता पुँजी रु २१ अर्ब ६० करोड छ भने कूल सम्पत्ति रु २४ अर्ब ८४ करोड २४ लाख ७५ हजार छ। वित्तीय विवरणअनुसार बैंकको प्रतिशेयर आम्दानी रु सात दशमलब ०१ छ।

आर्थिक वर्ष २०७७/७८ को तुलनामा आव २०७८/७९ मा बैंकको खुदा मुनाफा २२ दशमलव १० प्रतिशतले बढेर रु एक अर्ब दुई करोड २५ लाख ५८ हजार पुगेको छ। गत आवमा बैंकको सञ्चालन खर्चमा एक सय २६ प्रतिशतले बढेको छ भने सञ्चालन मुनाफा २३ प्रतिशतले वृद्धि भएको छ ।रासस


## प्रभु बैंक लिमिटेड शाखा कार्यालय गौर रौतहटका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना

**(मिति २०७९/०७/१५ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम कर्जा लिदाका बखत बैंकसँग गर्नु भएको शर्त कबुलियत बमोजिम तिर्न वुझाउनको लागि यस बैंकवाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु भएको र बक्यौता चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकाले यो सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराइन सकिने, कर्जाको सुरक्षणवापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको फोटो सहित तिनपुस्ते विवरण :**

१ **ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग घरेलु तथा साना उद्योग कार्यालय। रौतहट गौरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७३/०५/०८ मा **प्रा.फ.र.नं.**४६४२/१४० मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, सिमरा, करदाता सेवा कार्यालय गौर रौतहटबाट मिति २०७३/०५/०८ मा करदातको नाम **धर्मेन्द्र कुमार यादव कारोवारको नाम यादव फैन्सी स्टोस** स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०५०१९३७३ को प्रमाणपत्र प्राप्त **यादव फैन्सी स्टोर्स ।**
**रजिष्टर्ड ठेगाना :** रौतहट जिल्ला चन्द्रपुर न.पा.वडा नं.८,(साविक चन्द्रपुर न.पा.वडा नं.१२) ।

**प्रोप्राइटर : धर्मेन्द्र कुमार यादव**
ना.प्र.नं. १९१०७०/८ जारी मिति २०६४/०२/२९ जारी गर्ने कार्यालय जि.प्र.का.सर्लाही )।
ठेगाना : सर्लाही जिल्ला राम नगर गा.पा.वडा नं. ६ (साबिक छोटौल गा.वि.स.वडा नं. ८ ).
बाबु : सहदेव राय यादव ।
बाजे : राम अशिष राय ।



**जमानतकर्ता : सहदेव राय यादव**
(ना.प्र.नः ०६३०८६७ जारी मिति २०४३/०४/०७ जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही )।
ठेगाना : सर्लाही जिल्ला राम नगर गा.पा.वडा नं.६ (साबिक छोटौल गा.वि.स.वडा नं.८ )।
बाबु : राम अशिष राय ।
बाजे : तबाई राय यादव ।



**जमानतकर्ता : शैल कुमारी**
(ना.प्र.नं. ०६०३१३४१ जारी मिति २०४५/०१/१७ जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही )।
ठेगाना : सर्लाही जिल्ला राम नगर गा.पा.वडा नं. ०६ (साबिक छोटौल गा.वि.स.वडा नं.०८)।
बाबु : राम जस राय यादव ।
बाजे : तबाई राय यादव ।



**जमानतकर्ता : शैलेन्द्र कुमार राय यादव**
(ना.प्र.नं. १९१०७०/१३५ जारी मितिः २०६८/०८/१९ जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही )।
ठेगाना : सर्लाही जिल्ला राम नगर गा.पा.वडा नं. ०६ (साबिक छोटौल गा.वि.स.वडा नं. ०८ )
बाबु : सहदेव राय यादव ।
बाजे : राम अशिष राय ।



**जमानतकर्ता : श्यामजी प्रसाद राय**
(न.प्र.नं. २०७०१९५७ जारी मितिः २०५५/०९/१२ जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही )।
ठेगाना : सर्लाही जिल्ला राम नगर गा.पा.वडा नं. ०६ (साबिक छोटौल गा.वि.स.वडा नं. ८ )
बाबु : सहदेव राय यादव ।
बाजेः राम अशिष राय ।



**धितो सुरक्षणको विवरण :**
१. शैला कुमारीको नाममा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला सन्तपुर मटिऔनी गा.वि.स. वडा नं. ५ स्थित कि.नं. ९०५ क्षेत्रफल ०-३-० को घर जग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी यादव फैन्सी स्टोर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

२ **ऋणी :** नेपाल सरकार, गौर नगरकार्यपालिकाको कार्यालय उद्योग विकास शाखा,गौर रौतहटमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७४/१०/२३ मा **प्रा.फ.र.नं. ५८६१/४०७/४५** मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, सिमरा, करदाता सेवा कार्यालय गौर रौतहटबाट मिति २०७४/१०/२५ मा करदाताको नाम **देवानन्द प्रसद कुशबाहा कारोवारको नाम जयमाता काली बडि बिल्डर्स** भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. **६०७४९१८९२** को प्रमाणपत्र प्राप्त **जयमाता काली बडि बिल्डर्स ।**
**रजिष्टर्ड ठेगाना :** रौतहट जिल्ला **चन्द्रपुर न.पा.वडा नं.६,**(साविक **चन्द्रपुर न.पा.**वडा नं.७) ।

**प्रोप्राइटर : देवानन्द प्रसद कुशबाहा**
(ना.प्र.नः ३३ ३०१२/५८१९ जारी मिति २०६३/११/२४ जारी गर्ने कार्यालय जि.प्र.का. बारा )।
ठेगाना : बारा जिल्ला आदर्श कोतवाल गा.पा. वडा नं.०६,(साबिक पर्टेवा गा.वि.स.वडा नं.९)।
बाबु : रत्नलाल महतो कोइरी ।
बाजे : जादोलाल महता ।



**जमानतकर्ता : उषा कुमारी**
(ना.प्र.नं. ३३ ३०१२/६६० जारी मितिः २०७०/०१/२५ जारी गर्ने कार्यालय जि.प्र.का. बारा )
ठेगाना : बारा जिल्ला आदर्श कोतवाल गा.पा. वडा नं.०६,(साबिक पर्टेवा गा.वि.स.वडा नं.९) ।
बाबु : रामाधार महतो कोइरी ।
बाजे : रामआशिष महतो कोइरी ।
पति : देवानन्द प्रसद कुशबाहा ।



**जमानतकर्ता : पानवा देवी कोइरी**
(ना.प्र.नं. ४६३/७०६४०७३४ जारी मिति २०३४/०८/०७ जारी जारी गर्ने कार्यालय जि.प्र.का. बारा)।
ठठेगाना : बारा जिल्ला आदर्श कोतवाल गा.पा. वडा नं.६, (साबिक पर्टेवा गा.वि.स.वडा नं.९)।
बाबु : महन्त महता ।
बाजे : रामचेला महतो ।



**धितो सुरक्षणको विवरण :**
**१. पवना देवी कोइरी**को नाममा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला पर्टेवा गा.वि.स.वडा नं.९ स्थित कि.नं. ६०१ क्षेत्रफल ०-३-२ को घर जग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी **जयमाता काली बडि बिल्डर्सको** स्वामित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८

# उदाउँदो सूर्यलाई अर्घ्य दिइ छठ सम्पन्न

**टुडे समाचारदाता**



जनकपुरधाम । मिथिला क्षेत्रमा लोक आस्थाको पर्व छठ सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै सम्पन्न भएको छ ।

पञ्चमी तिथिका दिन मङ्गलबार राती 'खरना' विधि सम्पन्न गरेदेखि निराहार व्रत बसेका बर्तालुले सोमबार सप्तमीका दिन बिहान उदाउँदा सूर्यलाई अर्घ्य दिँदै यसपालिको छठ पर्व सम्पन्न गरेका छन् । छठमा षष्ठी तिथिमा निराहार व्रत गरिन्छ । सोमबार बिहान मिथिला क्षेत्रमा ६ बजेर १४ मिनेट जाँदाको समयको हाराहारीमा सूर्योदय भएको थियो । मिथिलामा सूर्योदयको टुङ्गो मिथिला पञ्चाङ्ग र विद्यापति पञ्चाङ्गका आधारमा गरिन्छ । यद्यपि मिथिला क्षेत्रमा सोमबार बिहान मौसम सफा भएको हुँदा छठका बर्तालुले झलमल्ल पारिला घाम झुल्केको देखेपछि अर्घ्य दिएर पर्व सम्पन्न गरेका छन् । यसअघि बर्तालु सूर्योदय हुनु एक घडीपूर्वदेखि नै कम्मरसम्म डुब्ने पानीमा तीन पटक चोबलिएर सूर्यलाई चाँडै देखिन गीतबाट पुकारा गरिरहेका थिए ।

पञ्चमीका दिन पनि दिनभरि निराहार उपवास बसेका बर्तालुले राती सख्खरमा पकाइएको खीरमात्र खाएका थिए । बर्तालुले पञ्चमीको 'खरना' विधि यता लगातार करिब ३६ घण्टाको निराहार व्रतपछि सोमबार बिहान उदाउँदा सूर्यलाई अर्घ्य दिँदै ' भोरका अर्घ' सम्पन्न गरेका छन् । ' भोरका अर्घ' गरिएसँगै छठ पर्व समापन हुन्छ । यसपटक गत शुक्रबार कात्तिक शुक्ल तृतीया र चौथी एकै दिन परेको थियो । बर्तालुले सोही दिन व्रत सङ्कल्प गर्दै 'अरबाअरबाइन' र 'नहाय-खाय' विधिबाट पर्व सुरु गरेका थिए । यसैगरी छठमा बर्तालुले पञ्चमीका दिन 'खरना' र षष्ठी तिथिका दिन आइतबार निराहार व्रतकै बीच साँझपख अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिँदै 'सझुका अर्घ' सम्पन्न गरेका थिए ।

सोमबार बिहान अर्घ्य दिएसँगै सूर्य उपासनाको महापर्व सम्पन्न गरी बर्तालु इष्टजनसहित छठी घाटबाट घर फर्केका छन् । पर्व सकिएसँगै घरघरै प्रसाद खाने/खुवाउने क्रम सुरु भएको छ । मिथिलामा छठको प्रसाद मानिने ठकुवा (गहुँको पिठो सख्खरमा मुछेर घ्युमा पकाइएको मिष्टान्न परिकार) विवाहित छोरी/चेली (छोरी, दिदीबहिनी, फूपू), मित/मितिनी र अन्य इष्टजनको घर पठाउने मैथिल परम्परा छ । मिथिलामा दुई साताभन्दा बढी चल्ने यो क्रमलाई 'छठके सनेस' (छठको कोसेली) भनिन्छ । यसरी पठाइने कोसेली नयाँ पकाइए पनि छठमा सूर्यलाई देखाइएको मध्ये केही मिसाएर 'सनेस' बनाइन्छ ।

केही दशकअघि मिथिला क्षेत्रको मात्र मुख्य पर्व मानिने छठ अब नेपालको सन्दर्भमा राष्ट्रिय पर्व नै बनेको छ । मुलुकको राजधानी काठमाण्डु, गण्डकी प्रदेशको राजधानी पोखरासहित विभिन्न ठाउँमा केही वर्षयता उल्लासमय छठ मनाइँदै आइएको छ । पहाड, मधेशको सांस्कृतिक घुलमिलले छठ पर्वमात्र नभएर अन्य धेरै चाडपर्व साझा बन्दै गएका छन् । राष्ट्रिय एकताको भावना अझ मजबुद बन्न/बनाउन यसले मद्दत गरेको मैथिल बुद्धिजीवी बताउँछन् ।


# मधेश प्रदेशमा ५९ चुनाव चिन्ह

**टुडे समाचारदाता**

काठमाण्डु । मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनअन्तर्गत पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा कायम रहेका उम्मेदवार वा दलको निर्वाचन चिन्ह मात्र रहेको मतपत्र हुनेछ भने समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभाका लागि जम्मा ४७ वटा निर्वाचन चिन्ह भएको मतपत्र प्रयोग हुने भएकोछ । निर्वाचन आयोगमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्रतिनिधि सभामा सहभागी हुन निवेदन दिएका ६८ वटा दलमध्ये सबै प्रक्रिया पूरा गर्दा ४७ वटा मात्र कायम भएपछि निर्वाचन चिन्ह त्यसै अनुसार तय भएको छ ।

समानुपातिक निर्वाचन प्रणालीमा सहभागी हुनका लागि निवेदन दिएका मध्ये नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल समाजवादी पार्टीले एउटै चुनाव चिन्ह लिएका छन् । त्यस्तै नेपाल आमा पार्टी, नौलो जनवादी पार्टी, सचेत नेपाली पार्टी र नेपाल सुशासन पार्टीले पनि संयुक्त रुपमा एउटै चुनाव चिन्ह लिएका छन् । त्यस्तै सामाजिक एकता पार्टी, नेकपा समाजवादी र नेपाल दलित पार्टीले पनि साझा चुनाव चिन्ह लिएका छन् । प्रतिनिधिसभामा समानुपातिकतर्फ ११० सिट रहेको छ ।

प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेश अनुसार मतपत्रमा चुनाव चिन्हको संख्या फरक फरक पर्नेछ । कर्णाली र सुदूरपश्चिम प्रदेशमा दलहरूले समानुपातिकतर्फको अन्तिम बन्दसूची




बुझाएपछि मात्र मतपत्र छपाइ भएकोले यी दुई प्रदेशमा बन्दसूची बुझाउने दलको मात्र निर्वाचन चिन्ह रहने भएको छ । तर प्रदेश नं. १, मधेश प्रदेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको समानुपातिकतर्फको मतपत्र बन्दसूची पेश गर्नुअघि नै छपाइ भइसकेको कारण निर्वाचनमा सहभागिताका लागि निवेदन दिएका दलको निर्वाचन चिन्हसमेत रहने भएको छ ।

जस अनुसार प्रदेश नं. १ मा ५५ वटा निर्वाचन चिन्ह भएको मतपत्र हुने निर्वाचन आयोगले जनाएको छ । त्यस्तै मधेश प्रदेशमा ५९, बागमतीमा ५८, गण्डकीमा ५२ र लुम्बिनीमा ५४ वटा निर्वाचन चिन्ह भएको मतपत्र प्रयोग हुने छ । कर्णाली प्रदेशमा २८ र सुदुरपश्चिम प्रदेशमा ३४ वटा निर्वाचन चिन्ह भएको मतपत्र प्रयोग हुने छ । प्रदेश नं. १ मा बन्दसूचि बुझाउने दल भने ३६ मात्र रहेका छन् । त्यस्तै मधेश प्रदेशमा ३६, बागमती प्रदेशमा ४०, गण्डकी प्रदेशमा ३१ र लुम्बिनी प्रदेशमा ३२ वटा दलले मात्र बन्दसूची पेश गरेका छन् । कर्णाली प्रदेशमा निर्वाचनमा सहभगिताका लागि निवेदन दिने दलको संख्या ४९ थियो । त्यस्तै सुदुरपश्चिममा ५० वटा दलले सहभागिताका लागि निवेदन दिएका थिए ।

प्रदेश सभामा प्रदेश नं. १ बाट ३७ जना, मधेश प्रदेशमा ४३, बागमतीमा ४४, गण्डकीमा २४, लुम्बिनीमा ३५, कर्णालीमा १६ र सुदूरपश्चिममा २१ जना समानुपातिक निर्वाचन प्रणालीमार्फत सदस्य निर्वाचित हुनेछन् ।

# दलहरु सिद्धान्तविहीन भए : प्रभु साह

**टुडे समाचारदाता**



जनकपुरधाम । पाँच दलीय गठबन्धनको समर्थन लिएर आगामी मंसिर ४ गतेमा चुनावी मैदानमा उत्रेका नेता प्रभु साहले दलहरु सिद्धान्तविहीन भएको आरोप लगाएका छन् । उनले दलहरुको सिण्डिकेट विरुद्ध आफूले स्वतन्त्र उम्मेदवारी दिएको दाबी गरे ।

रौतहट निर्वाचन क्षेत्र नम्बर ३ वाट स्वतन्त्र उम्मेदवार साहले नेकपा एमाले विभाजन हुदा माओवादी छाडेर नेकपानै रोजेका थिए । तर, उनले मधेश प्रदेशमा आफू अनुकुल टिकट वितरण गर्न नसक्दा आफूले पाएको टिकट गोजीमै राखेर अन्तिम समयमा स्वतन्त्रवाट उम्मेदवारी दिएका थिए ।

उनी अहिले स्वतन्त्र उम्मेदवार हरुलाई जिताउने अभियानमा लागेका छन् तर, आफूलेनै पाँच दलीय गठबन्धनको सहारा लिएका छन् । यति सम्म की त्यो क्षेत्रवाट नेकपा माओवादी केन्द्रले आफ्नो उम्मेदवारलाई समेत फिर्ता लिइ सकेका छन् ।

सोमबार जनकपुरधाममा आयोजित 'स्वतन्त्र उम्मेदवार जिताऊ' अभियानको बृहत् कार्यकर्ता भेलामा साहले भने-'स्वतन्त्र अभियानमा लागेका साथीहरू सांसद बन्न होइन गठबन्धनको नाममा गरिएको दलीय सिण्डिकेटविरुद्ध परिवर्तनका निम्ति हो र यी स्वतन्त्र उम्मेदवारहरुलेनै देश निर्माण गर्नमा कोशे ढुङ्गा सावित हुनेछ ।'

साहले २००७ देखि देशमा परिवर्तनका विभिन्न अधिकारवादी आन्दोलनले व्यवस्था परिवर्तन भएर अवस्था उही पंचायती शैलीमै विद्यमान रहेको भन्दै पहिला एउटा राजा थियो, अहिले कथित ठूला दलका ५/६ जना राजा बन्न खोजेको आरोप लगाए ।

उनले आफू सांसद बन्ने रहरले उम्मेदवारी नदिएको बताए । साहले आफू दलमा रहँदा दलका विरुद्ध बोल्न नपाइने, दलका ठूला नेताले जे भने जे गरे सबैमा सहमति जनाउनु पर्ने अर्थात जनताका लागि होइन दलको रिमोट कन्ट्रोलको रूपमा काम गर्ने अवस्था भएकाले आफू दलको रिमोट कन्ट्रोल होइन जनताको सिपाहीको रूपमा काम गर्न स्वतन्त्र उम्मेदवार जिताउ अभियान चलाएको उल्लेख गरे ।

उनले मधेश केन्द्रित दललाई लक्षित गर्दै भने-'हिजोका दिनमा जुन मधेशवादी दल एमालेलाई प्रतिगमनकारी शक्ति भनेर मधेशमा प्रवेश निषेध गरेको थियो । आज तिनीहरूले गठबन्धनको नाममा एमालेलाई टाउकोमा बोकेर हिँडिरहेको कुराले मधेशी जनतालाई हिजोका दिनमा मुर्ख बनाएको प्रष्ट भइरहेको छ ।'

# हटेनन् नियम विपरीत प्रचार सामग्री

**टुडे समाचारदाता**




जनकपुरधाम । प्रतिनिधिसभाका उम्मेदवार जुली महतो निर्वाचन आचारसंहिता विपरीत राखेको प्रचार प्रसार सामग्री अझै हटाएको छैन् । धनुषा निर्वाचन क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दिएकी महतो रिक्साको पछाडि प्रचार प्रसार सामग्री राखेको भन्दै शनिबार आयोगले उनलाई स्पष्टीकरण सोधेको थियो । आयोगले स्पष्टीकरण सोधेको तीन दिन बिते पनि प्रचार प्रसार सामग्री रिक्साको पछाडि राखिएकै छन् ।

जनकपुरधामका अटो तथा इ-रिक्साको पछाडिमा उनले मत माग्दै गरेको ब्यानर लगाएका छन् । सोही सामग्री राखेर निर्वाचन आचारसंहिता उनले जनाजान उलंघन गरेको आयोगले सोधेको स्पष्टीकरणमा उल्लेख गरिएको थियो । २४ घण्टाभित्र स्पष्टीकरण बुझाउन उनलाई समय दिइएको थियो ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३, राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नु पर्ने आचरण अन्तर्गत उपदफा (१) को खण्ड (ड) मा 'उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा उम्मेदवारको चुनाव चिन्ह, ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन गर्न नहुने' व्यवस्था छ ।

त्यस्तै दफाको खण्ड (द) मा 'कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपांग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडा लगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी ऱ्याली आयोजना गर्न वा प्रचारप्रसार गराउन नहुने' व्यवस्था छ रहेकोमा तपाईंले आफ्नो तस्बिरसहितको फ्लेक्स अटो रिक्साको पछाडि राखी निर्वाचन प्रचारप्रसार गरेको कार्य निर्वाचन आचारसंहिताको उल्लेखित दफा १३ को उपदफा (१) को खण्ड (ड) को प्रतिकूल रहेको आयोगले ठहर गरेको थियो ।

# तत्काल प्रधानमन्त्रीमा आफ्नो दाबी छैन् : नेतृ राणा

**टुडे समाचारदाता**



जनकपुरधाम । कांग्रेसका केन्द्रीय सदस्य तथा प्रधानमन्त्री शेरवहादुर देउवाकी पत्नी आरजु राणा देउवाले प्रधामन्त्री बन्ने इच्छा भए पनि तत्काल आफ्नो दाबी प्रधानमन्त्रीमा नरहेको बताएकी छन् ।

दुई दिने जनकपुरधामको भ्रमणमा आएकी राणाले सोमवार सञ्चारकर्मीसँगको जिज्ञासामा यस्तो धारणा व्यक्त गरेकी छन् । राजनीतिमा लागेपछि जो कोहीको इच्छा प्रधानमन्त्री, मन्त्री बन्ने हुन्छ, उनले भनिन्-' मेरोमा पनि त्यो इच्छा हो । तर म अहिले त्यसको दाबी गर्दिन् । प्रधानमन्त्री हुनका लागि अनुभव चाहिन्छ, देश चलाउने सक्ने क्षमता चाहिन्छ । भन्ने जस्तो सजिलो छैन ।'

अगामी निर्वाचनमा सत्तारुढ गठबन्धन दलले राम्रो सीट ल्याउने उनले दाबी गरिन । सञ्चारकर्मीको एक जिज्ञासामा उनले भनिन्-' गठबन्धन दल भित्र अव कुनै विवाद छैन । अधिकांश बागी उम्मेदवारहरु सहमतिमा आइसकेका छन्, भएकाले कुनै प्रभाव पार्न सक्दैनन् ।' जनकपुरधामको छठ हेर्न र आफ्ना पार्टीका नेता तथा उम्मेदवार हरुसँग भेटन जनकपुरधाम आएकी उनले बताइन ।

जनकपुरधामको छठमा आफू पहिलोपटक सहभागी भइ सूर्य देवतालाई पूजा गर्न सकेकोमा खुसी लागेको उनले बताइन । विश्व प्रसिद्ध जानकी मन्दिरलाई विश्व सम्पदाको सूचीमा सूचीकृत गराउन पहल गर्ने बताइन् । आफ्नो गैर सरकारी संस्थामार्फत मधेश प्रदेशमा विभिन्न कार्यहरु गर्दै आएको पनि उनले जानकारी दिइन् ।

मानव विकास सूचांकमा मधेश प्रदेश निकै पछाडि परेको बताउदै उनले भनिन्-'यो प्रदेश धेरै चर्चित प्रदेश हो । तर पनि यहाँ मातृ मृत्युदर, मातृ शिशु मृत्यु दर उच्च, शिक्षा र स्वास्थ्यको अवस्थामा पनि कमजोर छ, त्यसकारण हामीले यो प्रदेशलाई फोकस गरेर आफ्नो संस्थाबाट निकट भविष्यमै विभिन्न कार्यक्रमहरु ल्याएर सञ्चालन गर्छौ ।'

आइतवार साढे ११ वजे जनकपुरधाम आएकी देउवाले आइतवार नै गंगासागरको छठ पूजामा सहभागी भएकी थिइन । आइतवार साँझ प्रदेशका सुरक्षा अधिकारीहरुसँग समेत भेटघाट गरेकी थिइन । सोमवार विहान कांग्रेस नेता विमलेन्द्र निधिको गाउँ नगराईनमा छठ पूजामा सहभागी भएकी थिइन । सोमवार नै धनुषा र महोत्तरीका पार्टीका केही उम्मेदवारसँग जनकपुरधाममै भेटघाट गरेकी थिइन ।

सोमवार कांग्रेसबाट धनुषा निर्वाचन क्षेत्र नम्बर ४ का उम्मेदवार पूर्व मन्त्री महेन्द्र यादवको निर्वाचन क्षेत्रमा आयोजना गरिएको एक कार्यक्रम समेत सहभागी भएकी थिइन । उनी सोमवार साँझ बुद्ध एयरले कामठमाण्डु फर्केकी छन् ।

# रौतहटमा आचारसंहिताको व्यापक उल्लंघन

**ओम प्रकाश यादव**




गरुडा । निर्वाचन आयोगले स्थानीय तहका निर्वाचित जनप्रतिनिधिलाई आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको प्रचारप्रसार तथा मत माग्न नपाइने भनेर आचारसंहिता जारी गरेको छ तर रौतहटका अधिकांश पालिकाका जनप्रतिनिधिहरु निर्वाचन आचारसंहिताको उल्लंघन गर्दै आ-आफना दलका उम्मेदवारको पक्षमा खुलेर प्रचारप्रसारमा संलग्न रहेको पाइएको छ ।

रौतहटमा रहेको १८ वटा स्थानीय तहमध्ये अधिकांश पालिकाका निर्वाचित नगर प्रमुख, उपप्रमुख देखी लिएर वडा अध्यक्ष र सदस्यहरु समेत आफना पार्टी वा गठबन्धनका उम्मेदवारलाई जिताउनका लागि मतदाताको घरदैलोमा पुगेर मत मागिरहेको देखिएको छ ।

प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन प्रयोजनका लागि निर्वाचन आचारसंहिता लागु भइसकेको अवस्थामा यहाँका स्थानीय तहहरुका कार्यपालिकाका सदस्यहरूले निर्वाचन आचारसंहिता विपरीत आफ्नो पालिका र पालिका भन्दा बाहिर समेत गई उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भइरहेको पाइएको छ ।

नगरपालिका र गाउँपालिकाको कामकाज छाडेर विहान देखि राती अबेरसम्म जनप्रतिनिधिहरु आ-आफना प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका उम्मेदवारहरुको पक्षमा मत माग्न व्यस्त हुने गरेका छन् ।

निर्वाचित जनप्रतिनिधिहरु कार्यालयमा नबसी दिनभरि चुनाव प्रचार प्रसारमा व्यस्त हुन थालेपछि कार्यालयको कामकाज प्रभावित भएको छ । जनप्रतिनिधिहरु कार्यालयमा बस्न छाडेपछि सेवा लिन आउने सेवाग्राहीहरु रित्तैहात घर फर्किन बाध्य भएका छन् ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा स्थानीय तहका जनप्रतिनिधिले उम्मेदवारको प्रचारप्रसारमा लागेमा कारबाही हुने निर्वाचन आयोगले जनाएको छ तर जिल्लामा स्थानीय तहका अधिकांश कार्यपालिका पदाधिकारी र सदस्यहरू आ-आफना दलका उम्मेदवारको पक्षमा खुलेरनै प्रचारप्रसारमा संलग्न भइरहँदा पनि निर्वाचन आयोगको यसतर्फ ध्यानाकर्षण हुन सकेको छैन् ।

स्थानीय तहका जनप्रतिनिधिले आफू निर्वाचित स्थानीय तह बाहेकमा कुनै पनि दलको उम्मेदवारको पक्षमा प्रचारप्रसार गर्न नपाउने आयोगले उल्लेख गरेको छ । त्यसरी प्रचारप्रसार गर्दा सरकारी सवारी सधान र स्रोतको प्रयोग गर्न नमिल्ने भनिएको छ ।

तर, निर्वाचन आचारसंहिता उल्लंघन गरी चुनाव प्रचारप्रसारमा स्थानीय तहका पदाधिकारी लागेको पाइएमा कारबाही गरिने निर्वाचन आयोगले उल्लेख गरेको भए पनि रौतहटका जनप्रतिनिधिहरु निर्वाचन आचारसंहिता उल्लंघन गरी चुनाव प्रचारप्रसार गर्दा समेत आयोगले अहिलेसम्म कसैलाई कारवाही गर्न सकेको छैन ।

# कात्तिक १७ गतेदेखि मंसिर १ गतेसम्म निर्वाचन प्रचारप्रसार गर्न सकिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि उम्मेदवारहरूले कात्तिक १७ गतेदेखि मंसिर १ गतेसम्म निर्वाचन प्रचारप्रसार गर्न सक्ने व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ मा राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ । उक्त दफा १३ को (म) मा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा १७ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसार अन्तर्गत जुलुस, आमसभा, कोणसभा गर्न र सञ्चारमाध्यममा आफ्नो निर्वाचनसम्बन्धी सामग्री प्रकाशन वा प्रसारण गर्न सकिने व्यवस्था रहेको हुँदा यही कात्तिक १७ गतेदेखि मंसिर १ गतेसम्म सोबमोजिम निर्वाचन प्रचारप्रसार समेत गर्न सकिने व्यवस्था छ ।

जारी गरिएको निर्वाचन आचारसंहिता, २०७९ को कार्यान्वयन भइरहेको विदितै छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयन भए/नभएको सम्बन्धमा निर्वाचन आयोग र जिल्ला आचारसंहिता अनुगमन समितिबाट भएको अनुगमन, उल्लघंनका घटनाबारे प्राप्त उजुरी तथा जानकारीका आधारमा स्पष्टीकरण सोध्ने र जवाफ आउने क्रम जारी रहेको छ भने आचारसंहिताको प्रतिकूल हुने गरी कुनै पनि गतिविधि नगर्न आयोगले राजनीतिक दल, उम्मेदवार र सम्बन्धित पक्षसँग आग्रहसमेत गर्दै आएको छ । आचारसंहिता बमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेश गर्नुपर्नेछ ।

साथै, दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको ऱ्याली गर्दा बढीमा १० वटा दलको झण्डा प्रयोग गर्न सकिने, कुनै पनि धर्मको नाममा प्रचारप्रसार गर्न गराउन नहुने, उम्मेदवार तथा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन नहुने र कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचारप्रसार गर्न वा मत माग्न नहुने प्रावधानहरू आचारसंहितामा रहेको व्यहोरासमेत स्मरण गर्न निर्वाचन सम्बद्ध पक्षहरूमा आयोगले अनुरोध गरेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८